**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको कर्त्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस २६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 January 11 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३२

## उचिडिह आविमा अनियमितता भएको आरोप

प्रस, परवानीपुर, २५ पुस/

बारा, विश्रामपुर गाउँपालिका-१ उचिडिहस्थित नेरा आधारभूत विद्यालयमा केही वर्षदेखि अनियमितता भइरहेको अभिभावकहरूले आरोप लगाएका छन् ।


प्रअसँग विद्यालयको अनियमितता र दुरवस्थाबारे सोधपुछ गर्दै अभिभावकहरू । तस्वीरः प्रतीक

विद्यालयका अभिभावक कमरूल होदाले गापाबाट प्राप्त खाजा कार्यक्रम अनुदानमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवं प्रधानाध्यापकको मिलेमतोमा अनियमितता भएको र यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा एवं गापा शिक्षा शाखामा समेत उजूरी गरिएको जानकारी गराएका छन् ।

कक्षा ५ सम्म पठनपाठन हुने सो विद्यालयमा दैनिक १२५ देखि १५० विद्यार्थी मात्र उपस्थित हुन्छन् तर विद्यालयले हरेक महीना २८४ जनाको नामावली पेश गरेर प्रतिविद्यार्थी रु १५ को दरले महीनामा २६ दिनको हिसाबले झन्डै एक लाख खाजा खर्चबापत अनुदान भुक्तानी लिने गरे तापनि ५० प्रतिशत खाजा रकममा अनियमितता भएको अभिभावकहरूको आरोप छ । यसमा गापा शिक्षा शाखाका पदाधिकारीहरूको पनि संलग्नता हुन सक्ने अभिभावकहरूको आशङ्का छ ।

त्यसैगरी गापा उपाध्यक्ष प्रियङ्का देवीले रु एक हजार पर्ने वितरण गरिएको झोलामा पनि अनियमितता भएको उनीहरूको दाबी छ । साथै विश्रामपुर गापा-१ वडा कार्यालयबाट माटो पुर्नको लागि रु एक लाख अनुदान पाएकोमा ६० ट्याक्टर माटो खसालेर उक्त बजेट पनि भ्वाम्म पारेको अर्का स्थानीय तबरेज आलमको गुनासो छ ।

दुईजना स्थायी, एकजना राहत, एकजना करार, दुईजना बालविकास र एकजना कास गरी सातजना कर्मचारी रहेको सो विद्यालयको शौचालय सदैव फोहर र दुर्गन्धित हुने गरे पनि गत आवको १२ महीनामा चर्पी सफाइबापत रु ६५०० र विद्यालयको नाम लेख्न पनि रु ५००० भन्दा बढी रकम खर्च भएको प्रअले हिसाब प्रस्तुत गरेका छन् ।

यस विषयमा गापासँग वास्तविक छानबीन गरेर दोषीलाई कारबाईको दायरामा ल्याउन अभिभावकहरूको माग छ । सो गाउँपालिकाका अध्यक्ष जुल्फीकार अलि भुट्टोले विद्यालयमा भएको अनियमितताप्रति गम्भीरतापूर्वक छानबीन गर्नुपर्ने अभिभावकको माग छ ।

यस विषयमा प्रअ सन्तोष पाण्डेले पहिलेभन्दा विद्यार्थीको सङ्ख्या केही मात्रामा घटे तापनि अभिभावकले भने मुताबिक खाजा रकम दुरुपयोग नभएको प्रतिक्रिया दिए । उनले खाजा सामग्री खरीदमा गापाबाट सम्झौता अनुसार रेडिमेड खानेकुरा उपलब्ध गराउने भएकोले आफूहरूको प्रत्यक्ष संलग्नता नभएको बताए ।

साथै उनले छानबीन भएको खण्डमा सम्बन्धित निकायमा उपस्थित भएर सबै आशङ्का मेट्न कागजात प्रस्तुत गर्ने दाबी गरे ।

## हिमालयन डिस्टिलरीको २३औं वार्षिक साधारणसभा
## २५ प्रतिशत लाभांश वितरणको प्रस्ताव पारित

प्रस, परवानीपुर, २५ पुस/

वीरगंज-२१ लिपनीबिर्तामा सञ्चालित हिमालयन डिस्टिलरी लि.को २३औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । उद्योग परिसरमा आयोजित एक समारोहका बीच सामान्यतर्फ पाँच र विशेषतर्फ छ गरी कुल ११ वटा बुँदागत प्रस्ताव पारित गर्दै आव २०७९/८० को साधारणसभा सम्पन्न भएको हो ।



तस्वीरः प्रतीक

रु तीन अर्ब अधिकतम पूँजी रहेको कम्पनीको कुल चुक्तापूँजी रु दुई अर्ब ६७ करोड २५ लाख २३ हजार ३१५ पुऱ्याउने प्रस्ताव पनि स्वीकृत भएको छ।

गत आवमा कम्पनीले बिक्रीबाट रु दुई अर्ब ९७ करोड पाँच लाख १३ हजार ५९५ खुद आम्दानी गरेकोमा रु दुई अर्ब ३० करोड ९९ लाख ८९ हजार ७६५ कुल खर्च गरेको थियो । कम्पनीले सो आवमा खुद मुनाफा ६६ करोड पाँच लाख २३ हजार ८३० गरेको जनाएको छ ।

मुनाफाबाट १० प्रतिशत अर्थात् रु २४ करोड २९ लाख ५६ हजार ६६५ बराबरको बोनस, शेयर र नगद लाभांशतर्फ १५ प्रतिशत अर्थात् रु ३६ करोड ४४ लाख ३४ हजार लाभांश करसहित शेयरधनीलाई कुल २५ प्रतिशत लाभांश वितरण गर्ने साधारणसभाले प्रस्ताव पारित गरेको छ ।

दुई करोड ६७ लाख २५ हजार २३३.१५ कित्ता शेयर पुऱ्याउने प्रस्ताव पारित भएकोमा आजको साधारणसभामा सभाको स्वयं तथा प्रतिनिधिमार्फत शेयरसङ्ख्याको ७० प्रतिशत प्रतिनिधित्व भएको जनाइएको थियो । सभामा ३५ जनाभन्दा बढी शेयरधनीहरूको सहभागिता थियो ।



यसैगरी कम्पनीले चालू आवको साउनदेखि असोज मसान्तसम्म प्रथम त्रैमासिकमा खुद बिक्री रु ४९ करोड ३१ लाख नौं हजार ४८ गरेको छ भने खुद मुनाफा १० करोड ५१ लाख ९९ हजार ३९४ गरेको छ ।

आव २०७८/७९ मा यस कम्पनीले ७० प्रतिशत लाभांश वितरण गरेको थियो । सो वर्ष ६० प्रतिशत बोनस शेयर र १० प्रतिशत नगद लाभांश वितरण गरेको थियो । त्यसबेला कम्पनीले एक अर्ब पाँच करोड खुद मुनाफा गरेको थियो । तर यस वर्ष खुद मुनाफा ६६ करोड पाँच लाख २३ हजार ८३० मात्र भएकोले लाभांशको प्रतिशत कम हुन गएको बुझिएको छ ।

हिमालयन डिस्टिलरी कम्पनीले तीन-चार वर्ष अगि कृषि तथा कृषिक्षेत्रमा हिमालयन मल्टिएग्रो र हिमालयन फिसरी भन्ने दुईवटा सहायक कम्पनी दर्ता गरेर आर्थिक मन्दीबाट देश गुज्रिरहेकोले त्यसको सञ्चालनमा लगानी नथपिएको जनाएको छ ।

हिमालयन डिस्टिलरीका सञ्चालक समितिका अध्यक्ष अखिलेश्वरप्रसाद सिंहको अध्यक्षता एवं कम्पनी सचिव निशा निरौलाको सहजीकरणमा भएको साधारणसभामा सञ्चालक शङ्करराज पाण्डे, स्वतन्त्र सञ्चालक प्रकाशमणि घिमिरे, सञ्चालक सन्टु श्रेष्ठ, कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) नीरज सुवेदी, लेखा परीक्षक जी पौड्याल एन्ड एसोसिएट्सका प्रतिनिधि, परिपालना अधिकृत नेत्रप्रसाद तिमल्सिना, कारखाना प्रबन्धक नवीन उपाध्याय, व्यवस्थापन पक्ष, कर्मचारी, श्रमिकलगायतको सहभागिता थियो ।

## महानगरको अधिवेशनः योजना परिमार्जित, २५ करोड थप

प्रस, वीरगंज, २५ पुस/

वीरगंज महानगरपालिकाको नगरसभाको १४ औं अधिवेशनले चालू आवको वार्षिक बजेटमा रु २५ करोड थप गर्नुका साथै विभिन्न योजना तथा कार्यक्रमहरू परिमार्जन गरेको छ । नगरसभाले वार्षिक बजेट तथा कार्यक्रममा परेर पनि कार्यान्वयनमा आउन नसक्ने अवस्था रहेका कार्यक्रम परिमार्जन गर्दै चालू आवको बजेट थप गरेको हो ।



तस्वीरः प्रतीक

अधिवेशनले विनियोजन ऐन २०८० मा समावेश भएको चालू आव २०८०/०८१ को वार्षिक बजेट तीन अर्ब २१ करोडमा २५ करोडबाट बढाएर तीन अर्ब ४६ करोड पुऱ्याएको हो । अधिवेशनले खानेपानीका लागि महानगरवासीको चार हजार घरधुरीमा धारा जडान गर्न रु ८० लाख छुट्याएको नगरप्रमुख राजेशमान सिंहले बताए । त्यस्तै उनले भारतीय महावाणिज्य दूतावाससँग सहकार्यमा महानगरका चार हजार घरधुरीमा धारा जडानका लागि थप बजेट छुट्याइएको बताए । दूतावासको ८० प्रतिशत र महानगरको २० प्रतिशत लगानीमा धारा जडान कार्य अघि बढाउन बजेटमैं संशोधन गरेर महानगरले भुक्तानी गर्नुपर्ने २० प्रतिशत रकम विनियोजन गरेको उनले बताए ।

नगरसभामा नगरप्रमुख सिंहले विभिन्न विधेयक पेश गरेका थिए । वीरगंज महानगरसभाको कार्य सञ्चालन विधेयक, संस्कृति तथा सम्पदा संरक्षण एवं संवर्द्धन विधेयक, सङ्घसंस्था दर्ता तथा नियमनसम्बन्धी विधेयक पेश गरिएको थियो । बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण इजाजतसम्बन्धी कार्यविधि २०७५ तेस्रो संशोधन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण संशोधन विधेयक पनि पेश गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले आवश्यक कानून अभावमा काम गर्न असहज भएकोले सभामा विधेयक पेश गरेको बताए । नगरसभामा उपमेयर इम्तियाज आलम, नगरसभा सदस्यहरूको सहभागिता थियो ।

## आम्दानी शून्य भएकोले न्यानो कपडा वितरणमा समस्या

प्रस, रौतहट २५ पुस/

चन्द्रपुर नगरपालिका-४ निवासी रिक्साचालक केदारप्रसाद तिमिल्सिनाले सञ्चालन गरेको न्यानो कपडा वितरण कार्य आर्थिक अभावमा स्थगित भएको छ ।

हावाहुरीसँगै अहिलेको हुस्सुका कारण यात्रीहरू रिक्सा नचढ्दा आम्दानी आमदानी नभएर न्यानो कपडा वितरण कार्य गर्न नसकेको बताएका छन् । मेरो आमदानी न्यून रहेकोले मन भए पनि, आर्थिक अभावमा न्यानो कपडा वितरणमा समस्या भएको उनले बताए । छोरीका लागि 'छोरी अभियान नेपाल'को सहयोगमा न्यानो कपडा वितरण गरेको बताउँदै चन्द्रपुर नगरपालिकाको बाल बालिकालाई न्यानो टोपी वितरण गरिसकेको उनले बताए ।


रिक्साचालक तिमिल्सिनाले विभिन्न व्यक्तिलाई गरेको सहयोग ।

गुजरा नपा-३, पशुपति टोलमा ४ हजार विपन्न परिवारलाई न्यानो कपडा वितरण भएको उनले बताए ।

शीतलहर पीडितहरूलाई सहयोगी हात खोजेर न्यानो कपडा र सरसामान वितरण गर्दै आए पनि अहिले रिक्साबाट आम्दानी शून्य भएको अन्य कसैले पनि सहयोग नगरेको उनले बताए ।

बितेका वर्षहरूमा सहयोगी हात पाए पनि न्यानो कपडा ढुवानीमा आफैले खर्च गर्दै आएको उनले बताएका छन् ।

चुनावको बेला उम्मेदवारहरूले घरघरमा मासु-चामल बोकी पुऱ्याउनेहरू पनि अहिले सहयोग त परको कुरा भेट्न पनि झर्को मान्ने गरेको उनको दुःखेसो छ ।

## छोटकरी

### पर्सागढीमा जाडोबिदा

प्रस, पर्सागढी, २५ पुस/

चीसो र शीतलहर बढेपछि पर्सागढी नगरपालिकाले पुस २६ गतेदेखि माघ ३ गतेसम्म विद्यालय बिदा दिएको छ ।

चीसोको कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर परेको भन्दै नगरप्रमुख गोकर्ण पाठकले माघ ३ गतेसम्म विद्यालय बन्द गरेको बताएका छन् ।

**विचारसार एवं सूक्तिहरू**

**गरीबी छैन भने मात्र हामी शाान्तिले बाँच्न सक्छौं ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्‌गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बन्दको विकल्प बनेन

**चीसो बढेसँगै पर्सा जिल्लाका प्रायः सबैजसो पालिकाहरूले सामुदायिक विद्यालयहरूको पठनपाठन आगामी माघ २ गतेसम्मका लागि बन्द गरेका छन् । बर्सेनि जाडो र गर्मी याममा सामुदायिक विद्यालयहरूको पठनपाठन प्रभावित हुने गरेका छन् । भौतिक संरचनाको कमी र मौसम अनुसारको कक्षा कोठाको व्यवस्थापन नभएको कारण विद्यालयहरू बन्द गर्नुको विकल्प हुन्न । अहिले शिक्षालाई पालिकास्तरमा गाभिएको छ। यस अघि जिल्ला शिक्षा कार्यालयले सामुदायिक र संस्थागत विद्यालयहरूको शैक्षिक नियमन गर्ने, भौतिक संरचना बनाउने, शिक्षकहरूको सरुवा–बढुवा गर्ने, पुस्तक वितरण, छात्रवृत्ति प्रदानलगायत शिक्षासम्बन्धी सबै कार्य गर्दै आएको थियो । तर ०७४ सालदेखि यी सबै अधिकार पालिकाहरूमा प्रत्योजन गरिएको छ । पालिकाहरूले आफ्नो क्षेत्रमा शिक्षा सम्बन्धित सबैखाले गतिविधि गर्दै आएको छ । यो अवधिमा शिक्षामा केही सुधार देखिएका छन् भने विकृतिहरू पनि मौलाएको छ । सामुदायिक विद्यालयहरूलाई भौतिक रूपमा सबल बनाउनका लागि अहिले स्थानीय तहलाई प्रदेश र सङ्घ सरकारको पनि सहयोग जारी छ । तर पनि पर्सा जिल्लाका विद्यालयहरू अहिलेसम्म पूर्ण भौतिक–सुविधासम्पन्न हुन सकेका छैनन् । कतिपय विद्यालयहरूमा कोचिएर विद्यार्थीहरू पढ्नुपर्ने बाध्यता कायम छ ।**

**विद्यालयहरूको पठनपाठन गुणस्तरीय बनाउने विषयमा केही पालिकाहरूले कम विद्यार्थी भएको, भौतिक संरचना कमजोर रहेका विद्यालयहरूलाई अर्को विद्यालयमा स्थानान्तरण गर्ने कार्य पनि भएका छन् । केही विद्यालयहरूमा विद्यार्थी बढी, शिक्षक कम, केहीमा शिक्षक बढी त विद्यार्थी कमको अवस्था थियो । स्थानीय निकायमा शिक्षा गाभिएसँगै यस्ता खाले समस्याहरूको केही हदसम्म समाधान भएको छ तर समग्रमा शिक्षा क्षेत्रको विकास हुन सकेको छैन । महानगरको सवालमा अहिले करीब तीन सय शिक्षकको आवश्यकता छ । विभिन्न अध्ययन, प्रतिवेदनबाट यो सङ्ख्यामा शिक्षक आवश्यक भएको ठहरसहित अर्थ मन्त्रालयमा शिक्षक भर्नाको लागि आवश्यक पहल गर्न उनीहरूको तलब सुविधाको व्यवस्था गर्न सुझाव पुगेका छन्, तर अर्थ अभाव देखाएर मन्त्रालयले शिक्षक नियुक्तिको वातावरण बनाउनै सकेको छैन । महानगरले यो समस्याको समाधानका लागि आधा तलबमा स्वयंसेवक शिक्षकहरू भर्ना गरेर समस्या समाधान गर्ने प्रयत्न गरेको थियो, तर महानगर स्वयं आर्थिक समस्यामा परेपछि अहिले पौने दुई सयको हाराहारीमा स्वयंसेवक शिक्षकहरू हटाएको अवस्था छ । स्वयंसेवक शिक्षकहरू यत्रो ठूलो परिणाममा हटेपछि महानगरको शैक्षिक अवस्था कस्तो भएको होला सहज अनुमान लगाउन सकिन्छ । महानगरको यो अवस्था छ भने अन्य पालिकाहरूको अवस्था कस्तो होला अनुमान गर्न सकिन्छ ।**

**यसै पनि शिक्षकहरूमाथि नपढाउने गरेको आरोप लाग्दै आएको छ । जति सङ्ख्यामा शिक्षकहरू छन् उनीहरू पढाउँदैनन् । शिक्षक दरबन्दी अनुसार नभएका र आन्तरिक स्रोत तथा स्वयंसेवक शिक्षकहरू भर्ना गर्दा पनि आफन्त अनि [redacted] शिक्षक बहाल हुने अवस्था छैन । [redacted] हो । पहुँच हुनेहरूका आफन्तले [redacted] मौसम अनुसार भौतिक [redacted] सबैखाले मौसममा पढाइ हुने [redacted] मात्र राख्न सकिन्छ । तर [redacted] कहिले हुँदैन ।**

# तत्कालीन परिवेश र पृथ्वीनारायण शाहको दिव्योपदेश

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे कि गोरखाको विस्तृतीकरण ? यो एउटा बहसको विषय हुन सक्छ, तर उनले, आरोप लगाउनेहरूले जस्तै गोरखाको विस्तार गरेको भए देशको नाम नेपाल राख्ने थिएनन्, पक्कै गोरखा राख्ने थिए । उनले एकीकरण गरेको विशाल भूखण्डको नाम नेपाल राखे र देशको राजधानी वा देशको केन्द्र काठमाडौंलाई बनाए । उनले चाहेका भए यी दुवै फरक रूपमा पनि रहन सक्थे । यसकारण त्यत्ति बेलाको परिस्थिति र परिवेश अनुसार उनले राष्ट्र निर्माण गरेको हो भन्ने धेरैको तर्क रहेको छ । पृथ्वीनारायण शाहले त्यत्ति बेला नेपालको एकीकरण नगरेका भए वा एकीकरणको साहस नगरेका भए सम्भवतः अहिलेको जस्तो नेपालको नक्शा रहने थिएन होला । यसकारण वर्तमान नेपालको सीमाभित्र बसोवास गर्ने जसकसैले यदि आफूलाई नेपाली कहलाउनमा गर्व गर्दछ भने यसको श्रेय पृथ्वीनारायण शाहलाई दिनुपर्छ भन्ने तर्क राख्दछन् ।

पृथ्वीनारायण शाहले वि.स. १७९९ मा २० वर्षको उमेरमा गोरखाको राजगद्दीमा बसेर नेपाल एकीकरणको सपना देखे । वि.स. १८३२ मा पृथ्वीनारायण शाहको देहान्त करीब ५२ वर्षको उमेरमा भयो । त्यति बेला वर्तमान नेपालको सरहदभित्र नै कैयौं राज्य थिए । कतिपय राज्य यति साना थिए कि अहिले दुई जिल्लामा सीमित भएका छन् । कतिपय राज्यहरूको एउटै जिल्ला पनि बनेको छ । यसरी धेरै सानासाना राजा–रजौटा थिए र अहिले गाउँघरमा घरघडेरीको झगडाजस्तै राजा रजौटाबीच सीमा–विवाद चलिरहन्थ्यो । सीमा मिच्ने काम भइरहन्थ्यो । बलियो राजालाई जब लाग्थ्यो कि जित्न सक्छु, छिमेकी राज्यमाथि आक्रमण गर्थ्यो । पूरै राज्य आफ्नो राज्यमा मिलाउनु छ भने राजधानीमा आक्रमण गर्थे वा निहु खोज्नुछ भने आफ्नो राज्यसित जोडिएका ठाउँहरूमाथि कब्जा जमाउँथे । यसरी राज्यको सीमा विस्तार हुने तथा खुम्चिने भइरहन्थ्यो ।

गोरखाको छिमेकी राज्य लमजुङ थियो । लमजुङसित गोरखाको जहिले पनि झगडा परिरहन्थ्यो । पृथ्वीनारायण शाहका पिता नरभूपाल शाहले लमजुङमाथि आक्रमण गरेका थिए । उनी असफल भए । तर, त्यति बेलाको परिस्थिति यस्तो थियो कि कुनै राज्यमाथि आक्रमण गरिरहने राज्य चाहिं बलियो मानिन्थ्यो । आक्रमण गर्दा पराजय भोग्यो भने आफ्नो राज्य कायमै रहन्थ्यो तर विजय प्राप्त गर्दा पराजित राज्यको अस्तित्व समाप्त हुन्थ्यो । यसलै छिमेकी राज्यहरूबीच कहिलेकाहीं सन्धि पनि हुने गर्दथ्यो कि एकले अर्को राज्यमाथि आक्रमण नगर्ने । सन्धिमा धर्म र देउताको कसमका साथै पितापुर्खाको पनि कसम राखिन्थ्यो, तर अर्को कुनै निहु परेमा यस्ता धर्मसन्धिको कुनै महत्त्व हुँदैनथ्यो । बलियोले आक्रमण गरिहाल्थ्यो । आक्रमण कुनै पाठ सिकाउनका लागि हो पनि भनिन्थ्यो । सामान्यतया निकै कम समय हुन्थ्यो जतिखेर कुनै राज्यका चारैतिरका राजा रजौटासित सम्बन्ध राम्रो र विश्वसनीय भइरहोस् । अन्यथा, छिमेकी राज्य भनेको प्रतिस्पर्धामा शक्ति आर्जन गर्ने र एकले अर्कोमाथि आक्रमण गर्ने दाउ खोजिरहन्थे । यसै परिवेशमा पृथ्वीनाराण शाहले पनि लमजुङमा आक्रमण गरेका थिए । भनिन्छ, पिता नरभूपाल शाहको पराजयको बदला लिन पृथ्वीनारायण शाहले जमजुङमाथि आक्रमण गरेका थिए तर उनले पनि पराजय भोगे ।

पृथ्वीनाराण शाहको जीवन सङ्घर्षमैं बित्यो । जीवनभर विभिन्न राज्यमाथि आक्रमण गर्न, आक्रमणको योजना बनाउन, बलियो राज्यसित मितेरी सन्धिको कूटनीति गर्न तथा सैनिक सङ्गठन गर्नमैं बिताएका पृथ्वीनारायण शाह आफैं युद्धमा खट्ने एक महान् योद्धा थिए । जीवनको अन्तिम समयमा जब उनलाई लाग्न थाल्यो कि समय धेरै छैन, तब उनले आफ्ना विचारहरू लेख्न लगाएका थिए । तिनै विचारहरूलाई दिव्योपदेश भनिन्छ । यसमा पृथ्वीनारायण शाहको सङ्क्षिप्त जीवनी र विचारहरू आएका छन् । कतिपय विचार त तत्कालीन अवस्थामा मात्र बढी उपयुक्त हुने देखिन्छ भने कतिपय विचार चाहिं सदा उस्तै काम लाग्ने देखिन्छ । यसमा एक देश निर्माताले आफ्नो देशलाई सुरक्षित राख्न र सम्पन्न बनाउन तत्कालीन परिवेशको धरातलमा देखेका सपनाहरू सुरक्षित छन् भन्दा अत्युक्ति नहोला ।

पृथ्वीनारायण शाहको दिव्योपदेशमा उपदेशहरू मात्र सङ्गलित छैनन् । उनको समग्र जीवनदर्शन राखिएका छन् । उनको दिव्योपदेशमा एक ठाउँमा लेखिएको छ : ***आफ्ना देसको जिनीस् जरिबुटि देस कुलो काटि षेत बनाई आवाद गर्नु ।" "राग तान्मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ । देसको भेद पनि लैजानु र नगद पैचनु, नगद पैचि राषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ, राजाका भंडार भन्याका रैतानहरू हुन् ।***

**कतिपयले उनको दिव्योपदेशलाई राष्ट्रवादको संज्ञा दिन्छन् । उनले दिव्योपदेशमा देशसित सम्बन्धित कुराहरू अत्यन्त धेरै छन् । एक हिसाबले सम्पूर्ण दिव्योपदेशमा नै देशलाई बलियो बनाउने, सुरक्षित पार्ने तथा देशको अस्तित्व जोगाउने ध्येय केन्द्रित देखिन्छ ।**

यसैले कतिपयले उनको दिव्योपदेशलाई राष्ट्रवादको संज्ञा दिन्छन् । उनले दिव्योपदेशमा देशसित सम्बन्धित कुराहरू अत्यन्त धेरै छन् । एक हिसाबले सम्पूर्ण दिव्योपदेशमा नै देशलाई बलियो बनाउने, सुरक्षित पार्ने तथा देशको अस्तित्व जोगाउने ध्येय केन्द्रित देखिन्छ । बाहिरी आक्रमणबाट सुरक्षित राख्न कसरी देशलाई बलियो बनाइराख्न सकिन्छ भन्ने कुराहरू उनले त्यति बेला जस्तो देखे वा भोगे, त्यसको आधारमा दिव्योपदेशमा आफ्ना मन्तव्यहरू राख्न लगाए । तत्कालीन परिवेशलाई बुझ्ने हो भने ती कुराहरू निकै सुझबुझपूर्ण भएको मान्न सकिन्छ । निकै व्यावहारिक पनि देखिन्छ । तत्कालीन परिवेशलाई बिर्सेर हामीले वर्तमान अवस्थामा सबै कुरालाई दाँजेर हेर्नुहुँदैन । तत्कालीन आन्तरिक र बाह्य परिवेश दुवै विचारणीय देखिन्छ ।

आन्तरिकरूपमा देशलाई बलियो बनाउन उनले दिव्योपदेशमा सङ्कलन गर्न लगाएको यो कुरा कति घतलाग्दो छ : ***तब राजाले ठुलो निञा निसाफ हेर्नु, अन्याय मुलुकमा हुन नदिनु, नियानिसाप बिगार्न्या भन्याको घुस् दिन्या र घुस षान्या (हुन्), ईन दुईको या त धन जिव गरि लियाको पनि पाप छैन, ई राजाका महासतुर हुन् ।*** यसमा जुन सजायको कुरा गरिएको छ, त्यस जमानामा यसको प्रचलन कस्तो थियो भन्न सकिन्न तर अहिले यसमा सहमति जनाउन सकिन्न र अहिले राजाको ठाउँमा राज्य भनिदिने वा मान्ने हो भने यस भनाइले देशलाई मात्र नभएर सम्पूर्ण विश्वको राजनीतिलाई एउटा निकै राम्रो सन्देश दिएको छ । कृषि उपजको दृष्टिकोणले यो भनाइ पनि कम्ती उपयुक्त देखिंदैन । उनी भन्छन् ***पानी भयाका ठाउमा गाउ भया पनि गाउ अरू जग्गामा सारिकन पनि षानि चलाउनु, गह्रो बन्या जग्गामा घर भया पनि घर अरू जग्गामा सारि तिनेले लैजान्छन् र हरिपले दगा गर्छ । रागको अभ्यास पनि कसैले नगर्नु । तिन जातलाई पडाह आमफदरफ् पनि कसैले नषेल्नु अथवा फागुलाई यक् दुई गरी झिकि चाढै विदा गराईदिनु र देसको भेद पनि पाउदैनन् ।"*** दिव्योपदेश पढ्दा कुनै कुनै ठाउँमा कस्तो कस्तो पनि लागेर आउँछ । फेरि पनि लाग्छ, कत्तिको सचेत थिए पृथ्वीनाराण शाह । हरेक ठाउँमा उनको सचेतना पुगेको छ । समयको अध्ययन तथा तत्कालीन परिवेशमा जे देखे, जे बुझे त्यसैलाई उनले देश हितमा कसरी हुन्छ प्रयोग गर्नुपर्छ भन्ने दृष्टिकोण बनाए । आखिर देखाइ र भोगाइ नै त ठूलो हो नि ! पृथ्वीनारायणको नजरमा त्यति बेला कस्तो कुन विषय कसरी परेको थियो, त्यसको दर्पणमा हामी वर्तमानलाई हेर्दछौं । अढाई शताब्दी पहिलेको परिवेश र अहिलेको अवस्था एउटै त हुन सक्दैन । दिव्योपदेशको अन्तिममा यसरी भनिएको छ : ***आफ्ना स्वष सयेललाई त सास्त्रबमोजिम् को तिनै सहर नेपाल को नेवार हरूको नाच झिकाई हेर्‍या पनि हुन्छ । ईनमा ता दियाको पनि आफ्नै देसमा रहंछ । यस्व भया आफ्नु देस गमन रहन्छ ।"***

पृथ्वीनारायण शाहले परराष्ट्र सम्बन्धमा आफ्ना कुरा सङ्कलित गर्न लगाएका छन् । वास्तवमा हरेक मानिसले आफ्नो जीवनको अन्तिममा भए पनि, आफ्ना विचार र दर्शन यसैगरी सङ्कलन गर्न लगाउनुपर्छ वा सम्भव भएसम्म आफूले देखे–भोगेका कुरा सङ्कलन गरेर राख्नुपर्छ । यसले धेरै काम लाग्ने कुरा सम्झनामा रहन्छ, साथै तत्कालीन परिवेश, चिन्तन तथा इतिहासलाई पनि सुरक्षित पारेको हुन्छ । पृथ्वीनारायण शाहको दिव्योपदेशको ऐतिहासिक, राजनैतिक, कूटनैतिक, दार्शनिक र सामाजिक महत्त्व पनि रहेको छ । अध्ययन गर्दा यदि वर्तमान हावी भएन भने उनको दिव्योपदेशबाट धेरै मूल्यवान जानकारी प्राप्त गर्न सकिन्छ ।

# नारायणगढ–मुग्लिन सडक तीन साता बन्द हुँदै

चितवन, २५ पुस/रासस

नारायणगढ–मुग्लिन सडकखण्ड थप तीन साता बन्द गरिने भएको छ । सो सडकखण्डको तुइन खोलामा पुल बनाउन ढिस्को भत्काउने काम नसकिएपछि पुनः तीन साता, दिउँसोको समयमा, सडक बन्द गरेर काम गर्न लागिएको हो ।

यही पुस ७ गतेदेखि तीन साताका लागि दिउँसो चार घण्टा सडक बन्द गरेर काम हुँदै आएको छ । आउँदो शनिवार पहिलो तीन साताको समय सकिंदै छ । प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले निर्माण कम्पनीले थप एक महीनाको समय माग गरेको भए पनि तीन साताका लागि मात्र सडक बन्द गरेर काम गर्न दिन लागिएको बताए ।

उनका अनुसार बिहीवार सुरक्षा समितिको बैठकमा थप तीन साता सडक बन्द गरेर काम गर्ने अनुमति दिन लागिएको छ । सो ढिस्को विस्फोट गरेर भत्काउने तयारी गरिएको थियो । विस्फोट गर्दा त्यहाँ पुलसमेत जोखिममा पर्ने भएकोले अन्तिम प्रयासका रूपमा भत्काउन आग्रह गरे अनुरूप काम भइरहेको उनले जानकारी दिए ।

उनले भने–"अत्यावश्यक सवारी साधन छाड्नुपर्ने हुँदा दिनमा चार घण्टा भनिए पनि दुई/तीन घण्टा राम्ररी काम भएको छ ।" यथाशीघ्र छिटो काम सक्न भनिएको उनले बताए । नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिमखण्ड ( नारायणगढ–मुग्लिन)का सूचना अधिकारी इन्जिनीयर कृष्ण आचार्यका अनुसार हालसम्म १४ मिटर ढिस्को भत्काइसकिएको छ । त्यहाँको ढिस्को ६० मिटर हाराहारी अग्लो थियो । गत साल २५ मिटर तल झारिएको थियो । बाँकी ३५ मिटरमध्ये आधा ढिस्को शनिवारसम्म भत्काइसक्ने अनुमान छ ।



तस्वीरः फाइल

गत साल कडा चट्टान आएपछि विस्फोट गर्ने भन्दै काम रोकिएको थियो । यस वर्ष ३८ टनको ब्रेकर प्रयोग गरेर भत्काउन शुरू गरेपछि कामले गति लिएको उनले जानकारी दिए । आवश्यक परेको ठाउँमा चट्टानलाई चिरा पार्ने रक स्प्लिटर र हाइड्रोलिन ज्याक हेमर प्रयोग गरेर काम गरिएको छ । गत साल २२ टनको ब्रेकर मात्र प्रयोग गरिएको थियो ।

आचार्यले कामको गति हेरेर उत्साह बढेको बताए । गत वर्ष शुरूमा १५ मिटर सहजै भत्काउन सकिएको थियो । त्यसपछि १० मिटर भत्काउन ४५ दिन लागेको उनले बताए । सो सडकका १९ पुलमध्ये चार पुल चार वर्ष अघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकै साथ ठेक्का लगाइएको थियो ।

विसं २०७६ चैत १० गतेदेखि पुल निर्माण थालिएको हो । पुलको लागत रु एक अर्ब २८ करोड छ । अनक कन्स्ट्रक्शनले पुलको ठेक्का पाएको थियो । यो राजमार्गलाई एशियाली विकास बैंक (एडिबी) को सहयोगमा एशियन मापदण्ड अनुसार बनाइएको हो । पुल ११ मिटर चौडा छन् ।

सडक विस्तार गरेसँगै नौदेखि ११ मिटर फराकिलो बनेको छ । राजधानी बाहिरिने र भित्रिने प्रमुख सडकका रूपमा यो सडक रहेको छ । यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारी साधन आवतजावत गर्छन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# तीन करोड ३५ लाखसहित बम्जन सार्वजनिक

काठमाडौं, २५ पुस/रासस

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले रामबहादुर बम्जन भन्ने रामलाल बम्जनलाई बुधवार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ। हिजो साँझ पक्राउ परेका बारा, निजगढस्थित रतनपुरी स्थायी घर भएका ३४ वर्षीय बम्जनलाई सिआइबीले आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।




तस्वीरः रासस

पत्रकार सम्मेलनमा सिआइबी प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले चार तलामाथिबाट हाम्फालेर भाग्न खोजेका बेला बम्जनलाई काठमाडौंको बूढानीलकण्ठस्थित आफ्नै घरबाट हिजो साँझ पक्राउ गरिएको बताइन्।

उनले निजको साथबाट ३० लाख ९२ हजार नेपाली रुपियाँ बराबरका विभिन्न १७ देशका मुद्राका साथै रु तीन करोड तीन लाख ७५ हजार बरामद बताइन्।

निजविरुद्ध यौन सन्तुष्टि प्राप्त गर्ने तथा बालयौन शोषण तथा व्यक्ति बेपत्ता गरेको आरोपमा जाहेरी दर्ता भएको थियो।

विसं २०७१ साउनदेखि बाराको हलखोरियामा रामबहादुर बम्जनको आश्रममा आनीको रूपमा रहेकी २२ वर्षीया महिलाको जाहेरीका आधारमा सर्लाही जिल्ला अदालतबाट विसं २०७६ माघ २३ गते प्रहरीलाई पक्राउ अनुमति प्राप्त भएको थियो।

साथै अवैधरूपमा विदेशी तथा नेपाली मुद्रा सञ्चित गरी राखेको सूचनाका आधारमा बम्जनको खोजतलाश गरी पक्राउ गर्न अनुमति प्राप्त भएको सिआइबीले जानकारी दिएको छ। लामो समयको खोजतलाशपछि काठमाडौंको बूढानीलकण्ठ नगरपालिका–६ स्थित घरमा लुकिछिपी बस्दै आएका बम्जनलाई हिजो साँझ पक्राउ गरिएको थियो।

"पक्राउ गर्ने क्रममा घरको चौथो तलामा रहेको दक्षिणतिरको झ्यालबाट खाली रहेको भिरालो जमीनमा हाम्फालेर भाग्न लागेका बेला ब्युरोको टोलीले पक्राउ गरेको–सिआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले बताए। निजको साथबाट १४ थान मोबाइल, चार थान ल्यापटप र ट्याब, बीसवटा पेन ड्राइभ, रेकर्डर, मेमोरी कार्डलगायत विद्युतीय सामग्री बरामद भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

बम्जनको आश्रमबाट बेपत्ता भएका व्यक्तिहरूको हकमा भने अनुसन्धान जारी रहेको सिआइबीले जनाएको छ।

# अवैधरूपमा काठ चोरी निकासी गर्नेविरुद्ध मुद्दा दर्ता

सर्लाही, २५ पुस/रासस

सर्लाहीका जङ्गलबाट चालू आर्थिक वर्षको हालसम्म अवैधरूपमा काठ चोरी निकासी गर्ने आठजनाविरुद्ध मुद्दा दर्ता गरिएको छ। डिभिजन वन कार्यालय, सर्लाहीले अवैधरूपमा काठ ओसारपसार र चोरी निकासीको आरोपमा आव २०८०/८१ को पहिलो चौमासिकमा आठजनाविरुद्ध मुद्दा दर्ता गरिएको जनाएको छ।

कार्यालयका सूचना अधिकारी राकेश रञ्जन दासले तीन मुद्दामा करीब ५६.२४ क्युबिकफिट काठसहित आरोपीलाई पक्राउ गरिएको बताए। उनले साउनदेखि कात्तिकसम्म आठजनाविरुद्ध मुद्दा दर्ता भएको र ५६.२४ क्युबिकफिट काठ बरामद भएको बताए। काठ चोरी तस्करी गर्ने कार्यमा संलग्न रही नियन्त्रणमा लिइएका आठजनामाथि कारबाई प्रक्रिया अघि बढाइएको जिल्लास्थित वन कार्यालयका प्रमुख मन्जूर अहमदले बताए। उनले चालू आवको चार महीनामा अवैधरूपमा काठ चोरी निकासी गर्नेलाई पक्राउ गरी तीन मुद्दा दर्ता गरिएको बताएका छन्। तीमध्ये एउटा मुद्दा दर्ता प्रक्रियामा रहेको उनले बताए। अवैध काठ चोरी निकासीको आरोपमा पक्राउ पर्नेमा केही स्थानीय समिल सञ्चालकसमेत रहेका वन कार्यालयले जनाएको छ।

"चार महीनामा तीन घटनामा संलग्न आठजनालाई पक्राउ गरेका छौं। अरूमाथि निगरानी बढाएका छौं। विभिन्न कठिनाइका बावजूद वन संरक्षण र चोरी निकासी नियन्त्रणका लागि हामी नयाँ रणनीतिसहित अगाडि बढिरहेका छौं– प्रमुख अहमदले भने।

पछिल्लो समय वन मासिंदै जानाका साथै अवैध चोरी निकासीका कारण राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले थालेको अभियानमा समेत प्रभाव परेको उनले बताए। अहमदले काठ चोरी तस्करी र वन क्षेत्रको अतिक्रमण नियन्त्रण गर्न सबैको सहयोग जरूरी रहेको बताए।

जिल्लास्थित सामुदायिक वन उपभोक्ता महासङ्घका अध्यक्ष सीताराम पोखरेलले महासङ्घले वन तथा वन पैदावार संरक्षण गर्न समुदायमा सचेतना अभिवृद्धि गर्नाका साथै चोरी निकासी नियन्त्रणका लागि सधैं सहयोगी भूमिका



तस्वीरः फाइल

निर्वाह गरिरहेको बताए। "वन संरक्षणका काममा महासङ्घ वन कार्यालयसँग सहकार्य गर्न तयार छ"– उनले भने–"वन क्षेत्र विस्तार तथा अतिक्रमित क्षेत्र फिर्तालगायत काममा वन कार्यालयले नेतृत्व गरोस् भन्ने हाम्रो चाहना हो।"

**वन अतिक्रमण र चोरी निकासी मुख्य समस्या**

मधेस प्रदेशको आठ जिल्लामध्ये सर्लाहीमा २३.४८ प्रतिशत वन क्षेत्र रहेको डिभिजन वन कार्यालय, सर्लाहीले जनाएको छ। जिल्लामा २९,५७१ हेक्टर वन क्षेत्र रहेको छ। त्यसमध्ये ६३७ हेक्टर अतिक्रमण गरिएको डिभिजन वन प्रमुख अहमदले बताए। "अतिक्रमण र चोरी निकासी यहाँको वन संरक्षणको मुख्य समस्या हो"–अहमदले भने–"४० वर्ष अघि देखि पटकपटक गरी ६३७ हेक्टर वन अतिक्रमण भएको छ।" पछिल्लो समय ५५० हेक्टर अतिक्रमित वन क्षेत्र फिर्ता गर्न सफल भएको उनले बताए।

विभिन्न असहज परिस्थितिको समयमा राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रमा अतिक्रमण भएको भन्दै अतिक्रमित सबै क्षेत्र फिर्ता गर्न नसकिएको कार्यालयका सूचना अधिकारी दासले जानकारी दिए। अतिक्रमणकारी विभिन्न राजनीतिक दलको संरक्षणमा रहेका, विभिन्न सङ्घसंस्थाले अतिक्रमणकारीको पक्षमा वकालत तथा दबाब दिएका, अतिक्रमण गरी बसेको क्षेत्रमा विभिन्न सङ्घसंस्थाबाट पूर्वाधार विकासमा अनुदान सहयोग उपलब्ध गराएकालगायत कारणले उक्त क्षेत्र फिर्ता गर्न नसकिएको उनको भनाइ छ।

केही वर्षयता थप अतिक्रमण हुन नदिन उच्च सतर्कतासहित डिभिजन वन कार्यालयले काम गरिरहेको दासले जानकारी दिए। बाँकी रहेको ८७ हेक्टर अतिक्रमित भूमिमुक्त गर्न कार्ययोजना बनाएर अगाडि बढ्ने उनले बताए।

जिल्लाको अधिकांश वन क्षेत्र उत्तरतर्फको चुरे र भावरमा पर्ने भएकाले त्यहाँको भौगोलिक संरचनाको संवेदनशीलतालाई मध्यनजर राखी संरक्षणमुखी व्यवस्थापन कार्यमा सामुदायिक वनले पनि सहयोग गरिरहेको डिभिजन वन कार्यालयले जनाएको छ।

संरक्षणाका गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन जिल्लामा रहेका सामुदायिक वन उपभोक्ता समिति र साझेदारी वन व्यवस्थापन समितिलाई थप परिचालन गरिएको सामुदायिक वन उपभोक्ता महासङ्घ सर्लाहीका अध्यक्ष पोखरेलले बताए। यहाँ रहेका वन पैदावारमा आधारित उद्योगलाई समेत जिम्मेवार बनाउनेगरी अभियानका रूपमा कार्यक्रम अगाडि बढाउन सके चोरी

(बाँकी पाँचौं पातामा)

# विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्न संसदीय समितिमा सुझाव

काठमाडौं, २५ पुस/रासस

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको आजको बैठकमा नेपाल सामुदायिक विद्यालय कर्मचारी सङ्घले देशभरका सामुदायिक विद्यालयमा कार्यरत ४० हजार विद्यालय कर्मचारीलाई सङ्घीय सरकारका दरबन्दीमा राखी सङ्घीय सरकारबाट सेवा सुविधा दिन माग गरेको छ।

विद्यालय शिक्षा विधेयकमाथि सरोकार भएका संस्थाका प्रतिनिधिसँग सुझाव लिने क्रममा बुधवार आयोजित बैठकमा सङ्घका अध्यक्ष शशीकुमार केसीले सामुदायिक विद्यालयका कर्मचारीको पद, श्रेणी र तह निर्धारण गरी हालसम्म कार्यरत सबै खालका कर्मचारीको समायोजन गरी प्रक्रिया पूरा गरी स्थायी गरिनुपर्ने माग गरे।

विधेयकको दफा १०८ मा 'यो ऐन प्रारम्भ हुँदामा बखतसम्म कार्यरत रहेका विद्यालय कर्मचारी स्वतः दरबन्दीमा समायोजन हुनेछन् र ऐन प्रारम्भ भएपछि विद्यालय कर्मचारीको दरबन्दीको प्रबन्ध गरिने' भनी थप गरिनुपर्ने तथा शिक्षक सेवा आयोगले लिने परीक्षामा कार्यरत कर्मचारी आन्तरिक परीक्षाबाट स्थायी गरिनुपर्ने व्यवस्था राख्न आग्रह गरे।

अध्यक्ष केसीले सोही दफामा उपदफा ४ थप गरी सर्वोच्च अदालतबमोजिमको सर्भिल ल कार्यान्वयन हुने उल्लेख हुनुपर्ने, कार्यालय सहायक (नासु, खरिदार) कुन तह हो भन्ने स्पष्ट हुनुपर्ने, कार्यालय सहयोगीको तह स्पष्ट हुनुपर्ने, उमेर हद पुगेर सेवाबाट अवकाश भएका विद्यालय कर्मचारीको सेवा अवधि गणना गरी उपदानको व्यवस्था हुनुपर्ने र परीक्षा नदिई अवकाश लिन चाहने वा परीक्षामा अनुत्तीर्ण भएमा उपदानको व्यवस्था गरिनुपर्नेमा जोड दिए।

विधेयकको दफा १०९ मा सुविधासहित सेवाबाट बिदा हुने विद्यालय कर्मचारीले सञ्चित, बिरामी, घर बिदा र औषधि उपचार खर्च तथा उपदान बापतको रकम प्रचलित कानूनबमोजिम पाउने छ भन्ने उल्लेख हुनुपर्ने तथा सोही दफाको १.१. मा थप गरी विद्यालय कर्मचारीलाई हालसम्म कुनै पनि सेवा सुविधा उपलब्ध नभएकोले लामो अवधिदेखि कार्यरत कर्मचारीलाई मर्का पर्न जाने हुँदा २० वर्षे मापदण्ड हटाउनुपर्ने सङ्घको माग रहेको छ।

यस्तै विधेयकको दफा २४ को उपदफा ५ मा सार्वजनिक विद्यालयमा विद्यार्थी सङ्ख्या र विद्यालयमा सञ्चालित कार्यक्रमका आधारमा विद्यालय कर्मचारीको दरबन्दी रहने उल्लेख हुनुपर्ने माग गरिएको छ।



पशुलाई पनि हुन्छ जाडो ...: जाडो बढेपछि सुनसरीको इनरूवामा बाक्लो कपडा ओडाइएका चौपाया। केही दिनदेखि बढेको शीतलहरसहितको चीसोले जनजीवन कष्टकर बन्दै गइरहेको छ।तस्बिर : नवीन गड्तौला/रासस

# सञ्चयकर्ताका दम्पतीले सामाजिक सुरक्षा सुविधा पाउने

काठमाडौं, २५ पुस/रासस

कर्मचारी सञ्चय कोषले आगामी फागुन १ गतेदेखि सञ्चकर्ता दम्पतीलाई सामाजिक सुरक्षा सुविधा उपलब्ध गराउने भएको छ। कोषले बुधवार सूचना जारी गर्दै साबिकमा सञ्चयकर्तालाई मात्र उपलब्ध गराइँदै आएको सो सुविधा सञ्चयकर्ता दम्पतीले समेत प्राप्त गर्ने व्यवस्था मिलाइएको जनाइएको छ।

कोषले २०७६ सालदेखि सञ्चयकर्ताले अस्पतालमा भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष बढीमा रु १ लाख र १२ घातक रोगको हकमा सेवा अवधिभर रु १० लाखसम्मको स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउँदै आएको छ।

आगामी फागुन १ गतेदेखि साबिक सञ्चयकर्तालाई मात्र उपलब्ध गराइएको सो सुविधा सञ्चकर्ताका पति वा पत्नीलाई पनि प्रदान गरिने कोषले जनाएको छ। उक्त सुविधा सञ्चालनका लागि अस्पतालको सूची तयार भइरहेको कोषले जनाएको छ।

कोषले सूचीकृत अस्पतालमा मात्र सञ्चयकर्ता वा पति तथा पत्नीको उपचार गराई कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने सुविधा उपभोग गर्न अनुरोध गरेको छ।

कोषले सञ्चयकर्तालाई वित्तीय सेवा र सामाजिक सुरक्षा सेवा उपलब्ध गराउँदै आएको छ। कोषले सञ्चयकर्तालाई विशेष, घर, शैक्षिक र घर मरम्मत सापटी, जग्गा खरीदमा कर्जा तथा स्वास्थ्य उपचार सुविधा, काजकिरिया अनुदान, सुत्केरी एवं शिशु स्याहार र दुर्घटना क्षतिपूर्ति प्रदान गर्दै आइरहेको छ।

विसं २०१९ मा स्थापना भएको कोषले सरकारी, सार्वजनिक तथा निजी क्षेत्रका कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिका निमित्त सञ्चय कोष व्यवस्थापनको काम गर्दै आएको छ। कोषले सञ्चयकर्तालाई सामाजिक सुरक्षाका सुविधा प्रदान गर्नुका साथै नयाँ सुविधा पनि थप गर्दै आइरहेको छ। कोषमा २७,६०० कार्यालयका ५,८२,००० योगदानकर्ता सूचीकृत छन्।

# महासङ्घद्वारा छानबीन समिति गठनको स्वागत, दीर्घकालीन समाधानमा जोड

काठमाडौं, २५ पुस/रासस

नेपाल उद्योग वाणिज्य महासङ्घले डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधान गर्न सकारले छानबीन समिति गठन गरेकोमा त्यसको स्वागत गरेको छ।

महासङ्घले आज एक विज्ञप्ति निकालेर आफ्नो अनुरोध अनुसार डेडिकेटेड र ट्रङ्कलाइन विवाद समाधान गर्न गठित छानबीन समितिले समस्याको दीर्घकालीन समाधान पहिल्याउन जोड दिएको छ।

"विगतमा उद्योगमा जडित डेडिकेटेड र ट्रङ्कलाइनको भुक्तानीसम्बन्धी विवाद टुङ्गोमा नपुग्दै उद्योगहरूको लाइन काटिएपछि सिर्जित समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासङ्घले तत्काल लाइन जोडेर त्यससम्बन्धी विवाद निरूपणका लागि न्यायिक आयोग गठन गर्न माग गरेबमोजिम सरकारले न्यायिक आयोग गठन गरी तत्काल लाइन जोड्न विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ। मन्त्रिपरिषद्बाट भएको निर्णयको स्वागत गर्दै महासङ्घ सरकारलाई धन्यवाद दिन चाहन्छ"–विज्ञप्तिमा भनिएको छ। महासङ्घले तत्काल काटिएका लाइन जोड्न तथा उद्योगहरूले निर्बाध काम गर्न पाउने अधिकार सुनिश्चित गर्न सरकारलगायत सम्बन्धित सम्पूर्णमा अपिल पनि गरेको छ। विज्ञप्तिमा भनिएको छ–"नवगठित आयोगले विगतमा भएका अध्ययन, अहिलेको अवस्था, बिजुली उपभोग गरेको प्रमाणको अध्ययन गरी निष्पक्ष समाधान दिनेमा महासङ्घ विश्वस्त छ।"

महासङ्घले आर्थिक मन्दीको यो समयमा निजी क्षेत्रका समस्यालाई गम्भीर रूपमा लिएर त्यसको समाधानमा सरकारले प्रयास गरेकोमा सरकारप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निजी क्षेत्रका गतिविधिलाई असर पर्ने काम कहींकतैबाट नहुनेमा आशावादी रहेको बताएको छ। मङ्गलवारको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव रहेको समिति गठन गर्ने निर्णय गरेको थियो। मन्त्रिपरिषद्ले समितिलाई डेडिकेटेड र ट्रङ्कलाइनको महसूल सम्बन्धमा छानबीन गरी प्रतिवेदन पेश गर्ने अख्तियारी दिएको छ।

# नेपालको अहित हुने सम्झौता भएको छैन : प्रधानमन्त्री

काठमाडौं, २५ पुस/

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपालको अहित हुनेगरी भारतसँग कुनै पनि सम्झौता नभएको स्पष्ट गरेका छन्।

प्रतिनिधिसभा कानून, न्याय तथा मानव अधिकार समितिको आजको बैठकमा भारतीय विदेशमन्त्री एस जयशङ्करको यही पुस १९ गते भएको भ्रमणका क्रममा नेपाल र भारतबीच भएका सम्झौताबारे जानकारी दिँदै उनले नेपालको प्रणाली तथा संयन्त्रभन्दा बाहिरबाट खर्च हुनेगरी कुनै सम्झौता नभएको बताए।

बैठकमा प्रधानमन्त्री दाहालले भारतसँग भएको 'हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट'सम्बन्धी सम्झौताबारे जानकारी दिँदै उक्त सम्झौता यस अघिको सम्झौताको निरन्तरता भएको र त्यसलाई थप व्यवस्थित तथा परिस्कृत बनाइएको बताए। "भारतसँग हाल भएको सम्झौतामा कुनै पनि त्यस्तो प्रावधान राखिएको छैन, जसले भारतीय पक्षलाई एकपक्षीयरूपमा आयोजना छनोट र कार्यान्वयन गर्न सुविधा दिन्छ। आयोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र आवधिक समीक्षासमेत नेपाल सरकारको संयन्त्रबाट हुन्छ"– प्रधानमन्त्री दाहालले भने।

बैठकमा समिति सदस्य महेशकुमार बर्तौला, प्रतीक्षा तिवारी, सोविता गौतम, ध्रुवबहादुर प्रधानलगायत सांसदले उक्त सम्झौताबारे स्पष्ट गर्न माग गरेका थिए। सांसद बर्तौलाले उक्त सम्झौताको लिखित दस्तावेज संसद् र समितिलाई उपलब्ध गराउनुपर्ने माग गरेपछि प्रधानमन्त्री दाहालले त्यसको जवाफ दिँदै सम्झौतामा लुकाउनुपर्ने कुनै विषय नरहेका स्पष्ट पारे।

भारतीय विदेशमन्त्रीको भ्रमणका क्रममा दुई देशबीच भएका दीर्घकालीन विद्युत् व्यापार सम्झौता, नानो स्याटेलाइट प्रक्षेपणसम्बन्धी सम्झौता र नवीकरणीय ऊर्जासम्बन्धी सम्झौताबारे पनि प्रधानमन्त्री दाहालले समितिलाई जानकारी गराएका थिए। यस अघि प्रधानमन्त्री दाहालको भारत भ्रमणका क्रममा भएको समझदारी अनुरूप नेपालबाट आगामी १० वर्षमा १० हजार मेगावाट बराबर विद्युत् भारतमा निर्यात गर्नेगरी सम्झौता भएको र त्यसले दुई देशबीच विद्युत् व्यापारको ढोका खुलेको उनले बताए।

प्रधानमन्त्रीका अनुसार नेपालका विद्यार्थीले बनाएको नानो स्याटेलाइट भारतको न्यु स्पेस इन्डिया लिमिटेडले आफ्नै खर्चमा प्रक्षेपण गरिदिने गरी सम्झौता भएको, नेपाल विद्युत् प्राधिकरण र भारतको एनटिपिसी कम्पीसँग एकापसमा क्षमता विकासका कार्य गर्ने र तालिमलगायत कार्यक्रम सञ्चालन गर्नेगरी सम्झौता भएको तथा केही दिनभित्र पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) टुङ्गाएर काम अघि बढाउने तयारी भइरहेको छ।

सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनाबारे प्रधानमन्त्री दाहालले समितिसमक्ष लिखित मन्तव्य प्रस्तुत गर्दै भने–सन् २००३ नोभेम्बर ७ मा साना विकास आयोजनाका नाममा नेपालभित्र रु तीन करोडसम्मको लागत भएका आयोजनामा भारतको सहयोग रहनेगरी पहिलोपटक सम्झौता भएको थियो। यस्ता आयोजना नेपालका स्थानीय निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गर्ने गरेका थिए। यस्ता आयोजनाका लागि स्थानीय निकाय वा एनजीओले सोझै भारतीय राजदूतावासमा माग गर्ने र दूतावासँग स्थानीय निकाय वा एनजीओले सम्झौता (एमओयु)गर्दै आएका थिए। एमओयुको एक प्रति अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र आयोजनासँग सम्बन्धित मन्त्रालय पठाउने गरिएको थियो। उक्त सम्झौतालाई सन् २००६ जून २९ मा नवीकरण गरिएको थियो।

सन् २००८ अगस्त ६ मा उक्त कार्यक्रम अन्तर्गत आयोजना सञ्चालन गर्ने रकम बढाएर रु पाँच करोड पुऱ्याइएको थियो। सन् २००८ अघि त्यस्तो सहयोग खासगरी भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाका लागि उपलब्ध हुने गरेकोमा त्यसपछि शिक्षा, स्वास्थ्यजस्ता सामाजिक पूर्वाधारका लागि पनि आयोजना छनोट गर्न सकिने व्यवस्था गरियो। यस अन्तर्गत एक आर्थिक वर्षमा कतिवटा आयोजनाका लागि यस्तो सहयोग उपलब्ध गराउने भन्ने विवरण नेपालस्थित भारतीय राजदूतावासले आर्थिक वर्षको शुरूमा नेपाल सरकारलाई बुझाउनुपर्ने प्रावधान बनाइयो। आयोजना सञ्चालन गर्ने स्थानीय निकाय वा एनजीओले सहयोग माग गरेपछि भारतीय राजदूतावासले सो सम्बन्धमा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था थियो।

यो सम्झौता सन् २०११ जुलाई २७ र तत्पश्चात सन् २०१४ अगस्त १३ मा नवीकरण भएको थियो। सन् २०१४ मा सम्झौताको नवीकरण हुँदा यस्तो सहयोग नेपालको प्राथमिकताका क्षेत्रमा उपलब्ध हुनुपर्ने र आगामी तीन वर्षमा मोटामोटी कति सहयोग प्राप्त हुन्छ भन्ने भारतीय पक्षले खुलाउनुपर्ने प्रावधान राखिएको थियो।

सन् २०१७ अगस्त ४ मा यस सम्झौताको नवीकरण गर्नुपर्ने भए तापनि नेपालले नयाँ संविधान अनुरूप कार्यान्वयन विधि बनाउनुपर्ने भएकोले यो सम्झौता पुनरवलोकन गर्नुपर्ने प्रस्ताव भएको थियो। सन् २०१७ डिसेम्बर १७ मा यस्ता आयोजनाहरू नेपाल सरकार वा नेपाल सरकारले पहिचान गरेका निकाय (सामान्यतया स्थानीय तह) बाट सञ्चालन हुने र भारत सरकारले उपलब्ध गराउने सहयोग नेपाल सरकारको बजेट प्रणालीभित्रबाट खर्च हुने गरी सम्झौता नवीकरण गरिएको थियो।

सन् २०१८ जुलाई १८ मा यो आयोजना सञ्चालन विधिमा परिवर्तन गरियो। जस अनुसार यस्ता आयोजना गाउँपालिका वा नगरपालिकाले सञ्चालन गर्ने, भारतीय सरकारको अनुदान शुरूमा नेपाल सरकारको कोषमा जम्मा गर्नुपर्ने र स्थानीय तहले सशर्त अनुदानका रूपमा सो रकम प्राप्त गर्ने, स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा आयोजना प्रस्ताव गर्नुपर्नेलगायत व्यवस्था राखिएका थिए।

आयोजना छनोट भइसकेपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच आयोजना कार्यान्वयन सम्झौता हुने र स्थानीय तहले वार्षिक प्रगति विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था भएको थियो।

सन् २०१९ अप्रिल ७ मा स्थानीय तहबाहेक अन्य निकायले यस्ता आयोजना सञ्चालन गर्ने भएमा द्विपक्षीय समझदारीमा गर्न सकिने प्रावधान थप गरियो। साथै साबिकमा जिल्ला विकास समितिबाट सञ्चालन भएका आयोजनाहरू जिल्ला समन्वय समितिले सम्पन्न गर्ने व्यवस्था गरिएको थियो। सन् २०२० जनवरी ७ मा स्थानीय तहबाट प्राप्त आयोजना प्रस्तावबारे नेपाल सरकार र भारत सरकारबीच सहमति भइसकेपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने व्यवस्था गरिएको थियो। यस्तो रकम अर्थ मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदानका रूपमा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइयो। सरकारी निकायबाहेक कुनै निकायले यस्ता आयोजना सञ्चालन गर्ने भएमा सम्बन्धित मन्त्रालयको रायका आधारमा अर्थ मन्त्रालयले सहमति दिने व्यवस्था गरिएको थियो।

सन् २०२० अगस्त ६ मा र सन् २०२३ अगस्त २०२३ मा यो सम्झौतालाई ३ वर्ष थप गर्ने गरी नवीकरण गरिएको थियो। भारतसँग पछिल्लोपटक सन् २०२४ जनवरी ४ मा सामुदायिक विकासमा उच्च प्रभाव पार्ने आयोजनासम्बन्धी सम्झौता भएको छ। यस सम्झौता अनुसार प्रतिआयोजना लागत बढीमा रु २० करोड हुने व्यवस्था भएको छ। अहिले भएको सम्झौता अनुसार भौतिक पूर्वाधार तथा सामाजिक पूर्वाधारका आयोजनामा भारतीय सहयोग उपलब्ध हुने जनाइएको छ। यस्ता आयोजनाहरू सरकारी निकाय वा एनजीओबाट सञ्चालन हुन सक्ने भनिएको छ। स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा प्रस्ताव गर्ने र अन्य सरकारी निकायले अर्थ मन्त्रालयमा प्रस्ताव गरी पठाउनेगरी सम्झौता भएको छ।

सरकारीबाहेक निकायका हकमा ती निकायले अर्थ मन्त्रालयको सहमति



लिनुपर्ने व्यवस्था राखिएको छ। अर्थ मन्त्रालयले आयोजनासँग सम्बन्धित मन्त्रालयको रायका आधारमा यस्तो सहमति दिन सक्ने व्यवस्था छ। अर्थ मन्त्रालयले भारतीय सरकारसमक्ष सहयोग माग गरी पठाउने र यस्ता आयोजना गाउँपालिकामा सञ्चालन हुने भएमा आयोजना सञ्चालन गर्ने निकायले ५ प्रतिशत र नगरपालिकामा सञ्चालन हुने भएमा १० प्रतिशत लागत साझेदारी गर्नुपर्ने जनाइएको छ। भौतिक पूर्वाधारबाहेक आयोजनामा भारतीय सहयोग शतप्रतिशत नै हुनेगरी सम्झौता गरिएको छ।

यस्ता कार्यक्रम कार्यान्वयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भारतीय राजदूतावास र आयोजना सञ्चालन गर्ने निकायबीच त्रिपक्षीय सम्झौता हुने जनाइएको छ। गैरसरकारी संस्थाको हकमा समाज कल्याण परिषद्को स्वीकृति आवश्यक पर्नेछ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह, जिल्ला समन्वय अधिकारी, विषय विज्ञ र भारतीय राजदूतावास रहेको आयोजना अनुगमन समिति रहने छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र भारतीय राजदूतावासका प्रतिनिधि रहेको संयन्त्रले आयोजनाको द्वैमासिक प्रगति समीक्षा गर्नेछन्।

नेपाललाई सहयोग उपलब्ध गराउने अन्य मुलुकले समेत यस्ता आयोजनाहरू आफैं सञ्चालन गर्ने गरेका प्रधानमन्त्री दाहालले बताए। जापानसँग करीब ६० वर्ष अघि भएको सम्झौता अनुसार गैरसरकारी संस्थामार्फत आयोजना सञ्चालन गर्ने गरेको र कतिपय आयोजनाहरू संयुक्त राष्ट्रसङ्घीय निकायमार्फत पनि सञ्चालन हुने गरेका छन्। चीनले नेपाल सरकारलाई उपलब्ध गराएका सबै सहयोग अन्तर्गतको आयोजनामा ठेकेदार एवं परामर्शदाता छनोटदेखि आयोजना कार्यान्वयनसमेत आफ्नै संयन्त्रमार्फत गर्ने गरेको प्रधानमन्त्री दाहालले बताए।

यसैगरी अमेरिकाले इम्प्लिमेन्टेशन पार्टनर छनोटगरी आयोजना सञ्चालन गर्ने गरेको, बेलायतले उपलब्ध गराउने धेरै सहयोग अन्तर्राष्ट्रिय परामर्शदातामार्फत परिचालन गर्ने गरेको, अस्ट्रेलियाले पनि आफ्नै एनजीओमार्फत आयोजना सञ्चालन गर्ने गरेको प्रधानमन्त्री दाहालले समितिलाई बताए।



डस्ना सिरक बनाउँदै कालिगढः केही दिनदेखि यहाँ अत्यधिक चिसो कारण डस्ना सिरकको व्यापार बढेपश्चात सुनसरी सदरमुकाम इनरूवा–३ मा कालिगढलाई सिरक डस्ना बनाउन भ्याइनभ्याई। तस्बिर : अजितकुमार झा/रासस

## फरक समाचार

# सामाजिक सञ्जालमा मात्र तीस मिनेट कम गर्दा के हुन्छ ?

वर्तमान संसार कम्प्युटर क्रान्तिबाट अगाडि बढ्दै डिजिटल र भर्चुअल युगमा प्रवेश गरिसकेको छ। यस डिजिटाइज दुनियाँमा सोसल मिडिया अधिकांश व्यक्तिको जीवनको आन्तरिक अङ्ग बनिसकेको छ। फेसबूक, ट्वीटरपछि अब अधिकांश व्यक्ति आफ्नो बढी समय रील हेर्नमा बिताउँछन्। यसले मानसिक स्थितिमा कस्तो असर परिरहेको छ, यसलाई लिएर थुप्रै अध्ययन भइरहेको छ। केही अध्ययनमा




भनिन्छ, यसबाट मूड बुस्ट हुन्छ तर अधिकांश अध्ययनले यही भन्ने गरेको छ कि सामाजिक मिडियामा बताइएको समयले मनलाई नकारात्मकताले भरिरहेको छ। हालै गरिएको नयाँ अध्ययन अनुसार सामाजिक सञ्जालको समयमा आधा घण्टा कटौती गर्नाले एन्जाइटी र डिप्रेशनको लक्षण पनि कम हुन सक्छ।

जर्मनीको रूहर युनिभर्सिटीका एशोसिएट प्राध्यापक जुलिया ब्रेलोवस्कियाले आफ्नो टीमसँग यस विषयमा अध्ययन गरेकी छन्। यस रिसर्चमा सोसल मिडियाको प्रयोग र त्यसबाट व्यक्तिको मानसिक स्वास्थ्य र वेल बिइङ्गमाथि परीक्षण गरिएको छ। अध्ययनमा विभिन्न क्षेत्रमा काम गर्ने १६६ जना व्यक्तिलाई सामेल गरिएको थियो। यी व्यक्तिहरू आफ्नो कामबाहेक एक दिनमा कमसे कम ३५ सोसल मिडिया प्रयोग गर्दथे। उनीहरूलाई दुई भागमा बाँडिएको थियो। पहिलो समूहलाई सोसल मिडियाको प्रयोग गर्न त्यसरी नै छुट दिइएको थियो जसरी उनीहरू पहिले चलाउने गर्दथे, जबकि दोस्रो समूहलाई पहिले जसरी उनीहरू सोसल मिडिया चलाउँथे त्यसमा आधा घण्टा कम गर्न भनिएको थियो। यस्तो कार्य करीब एक सातासम्म गर्न भनिएको थियो। त्यसपछि उनीहरूलाई केही प्रश्न सोधिएको थियो। यसमा कार्यभार, जागीरमा सन्तुष्टि, प्रतिक्रिया, मानसिक स्वास्थ्य, तनावको स्तर र उनीहरूको व्यवहारसँग सम्बन्धित प्रश्न गरिएको थियो।

मात्र एक सातापछि थुप्रै स्तरमा परिवर्तन देख्न पाइयो। अध्ययनमा भनिएको छ, केवल एक सातासम्म आधा घण्टा सोसल मिडियाको प्रयोगलाई सीमित गर्नाले जबरजस्त सकारात्मक प्रभाव देखिएको थियो। यसबाट जागीरमा सन्तुष्टि र मानसिक स्वास्थ्य पहिलेको तुलनामा निकै राम्रो हुन पुगेको थियो। रिसर्च टीमका प्रमुख जुलियाले भनिन्– जुन व्यक्तिले सोसल मिडियाको प्रयोगमा आधा घण्टा कम गरेका थिए, उनीहरूले कार्यालयको कामको बोझ कम महसूस गरे र पहिलेको तुलनामा झनै प्रतिबद्ध पनि भएका थिए। यी सबैको अलावा उनीहरूमा आफूबाट अलग हुने भावनामा पनि कमी आएको थियो। यसभन्दा पहिले यिनीहरू एन्जाइटी निकै महसूस गर्दथे। उनीहरूमा डिप्रेशनको लक्षण पनि कम भएको थियो।

जुलियाले भनिन्– जब हामी कुनै काम गर्छौं तब त्यस कामको अलावा अन्य काममा पनि दिमागलाई भटकाउँछौं। हाम्रो दिमाग यी कुराहरूलाई एकैसाथ डिल गर्ने क्षमता राख्दैन। यसको साथै सोसल मिडियाको धेरै प्रयोग गर्दा भय र शङ्काको भावना बढ्छ। यसैकारण हो कि सोसल मिडियाको प्रयोग कम गर्दा मुख्य काममा दक्षता बढ्छ।

# तेजपात स्वादको लागि मात्र होइन

तरकारीमा तेजपातको फोरन लगाउँदा स्वाद झनै बढ्छ। तेजपातमा पाइने पिरो र मीठो स्वाद तरकारीलाई झनै स्वादिष्ट बनाउँछ, यसको सुगन्धले तरकारीको सुगन्धलाई पनि बढाउँछ। तेजपात स्वास्थ्यवर्धक हुनुको साथै यसमा भिटामिन, खनिज र एन्टिअक्सिडेन्ट जस्ता पोषक तत्त्व पनि पाइन्छ जुन स्वास्थ्यको लागि निकै फाइदाजनक हुन्छ। प्रतिदिन तरकारीमा तेजपात राख्नाले शरीरमा रोग प्रतिरोधक क्षमता बढ्छ भने थुप्रै रोगबाट बचाव पनि हुन्छ।



**प्रतिरोधक क्षमता बढाउँछः** शरीरको रोग प्रतिरोधक क्षमता बढाउनमा तेजपात निकै फाइदाजनक हुन्छ। यसमा भिटामिन सी, ए र एन्टिअक्सिडेन्ट जस्ता पोषक तत्त्व भरपूर मात्रामा पाइन्छ, जसले शरीरको रोग प्रतिरोधक क्षमतालाई बढाउँछ। यसको अलावा तेजपातमा पाइने तामा, फलाम, जस्ता र सेलेनियम जस्तो खनिजले पनि प्रतिरक्षा प्रणालीलाई मजबूत बनाउँछ। यसले शरीरमा एन्टिबडीको उत्पादन पनि बढाउँछ।

**रूघाखोकी र सामान्य रोगबाट बचाउँछः** तेजपातले रूघाखोकीजस्ता सामान्य बिमारीबाट पनि बचाउन मदत गर्छ। तेजपातमा भिटामिन सी र एन्टिअक्सिडेन्ट पाइन्छ जसले शरीरको रोग प्रतिरोधक क्षमता बढाएर सङ्क्रमणसँग लड्न मदत गर्छ। तेजपातमा एन्टि–ब्याक्टेरियल गुण पनि हुन्छ, जसले भाइरस र ब्याक्टेरियासँग लड्छ। तेजपातको वाफ लिंदा वा चिया पिउँदा रूघाखोकीको लक्षणबाट राहत पाइन्छ।

**एनिमियाबाट बचाउँछः** तेजपातले एनिमियाबाट बचाउन मदत गर्छ। यसमा हुने भिटामिन सी, आयरन, फोलिक एसिड र कपरजस्ता पोषकतत्त्वले एनिमिया जस्ता कम रक्त कोशिका र कम हिमोग्लोबिनको समस्या टाढा गर्न मदत गर्छ। तेजपातमा एन्टिअक्सिडेन्ट गुण अक्सिडेटिभ तनावलाई कम गर्छ, जुन एनिमियाको कारणले हुन्छ। तेजपातले रगत सफा गर्छ र शरीरबाट विषाक्त पदार्थलाई बाहिर निकाल्छ। यस प्रकार तेजपातको सेवन गर्दा एनिमियाबाट टाढा रहन सकिन्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# सर्वसाधारण प्यालेस्टिनी धेरै मारिएका अमेरिकी विदेशमन्त्रीको भनाइ, प्यालेस्टिनी राष्ट्रपतिलाई भेट्ने



हमास जेनरल मिलिटरी काउन्सिलका सदस्य अबु अहमदका परिवारका सदस्यहरूमृत्युमा शोक मनाउँदै । फोटो : एएफपी

तेल अविव, २४ पुस/एएफपी

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले इजरायलद्वारा प्यालेस्टिनी कट्टरपन्थी लडाकू (हमास) समूहविरुद्धको कारबाईमा मृत्यु हुने प्यालेस्टिनी सर्वसाधारणको सङ्ख्या धेरै भएको बताएका छन् ।

उनले भने–"मृत्यु हुने प्यालेस्टिनी बालबालिका र महिलासहित सर्वसाधारणको सङ्ख्या धेरै हुनु दुःखको विषय भएको र यस सम्बन्धमा संयमित हुन इजरायली प्रशासनसँग आग्रह गरिएको छ ।"

गाजापट्टीमा युद्ध शुरू भएयता मध्यपूर्वको आफ्नो चौथो सङ्कटकालीन भ्रमणमा रहेका अमेरिकी उच्च कूटनीतिज्ञले मङ्गलवार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूसँग तेल अविवमा भेटवार्ता गरेका थिए ।

ब्लिन्केनले तेल अविवमा पत्रकार सम्मेलनमा संयुक्त राज्य अमेरिकाले आफ्नो सहयोगीलाई समर्थन जारी राख्ने बताए तर प्यालेस्टिन क्षेत्रमा फसेका इजरायली तथा अन्य देशका नागरिकको सुरक्षाका लागि थप काम गर्न पनि आवश्यक रहेको बताए ।

वाशिंगटनले युद्धपछिको परिदृश्य प्रस्तुत गरेको छ, जसमा राष्ट्रपति महमुद अब्बासको नेतृत्वमा रहेको सुधारिएको प्यालेस्टिनी प्राधिकरणले पश्चिम किनाराका साथै गाजामा पनि शासन गरिरहेको छ ।

सन् १९६७ देखि इजरायलले कब्जा गर्दै आएको वेस्ट बैंकमा हाल प्राधिकरणले सीमित शासन सञ्चालन गर्दै आएको छ ।

बुधवार प्यालेस्टिनी प्राधिकरणका प्रमुखसँग वार्ता गर्ने कार्यक्रम तय भएको छ ।

वाशिंगटनले हमाससँग इजरायलको युद्ध समाप्त भएपछि प्यालेस्टिनी प्राधिकरणले गाजामा शासन गर्न सक्ने बताएको छ । गाजामा सबै राजनीतिक तथा प्रशासनिक निर्णयमा हमासको प्रभाव रहने गरेको छ ।

"इजरायलले प्यालेस्टिनको प्रभावकारी शासन गर्ने क्षमतालाई कमजोर पार्ने कदम चाल्नुहुँदैन"–दुई राज्य समाधानको दिशामा प्रगतिको महत्त्वमा जोड दिँदै ब्लिन्केनले मङ्गलवार भने ।

उनले भने–"प्यालेस्टिनी प्राधिकरणको पनि आफूलाई सुधार गर्ने, शासन प्रणालीमा सुधार गर्ने जिम्मेवारी छ"–मैले राष्ट्रपति अब्बाससँग यी मुद्दाहरू उठाउने योजना बनाएको छु ।

यद्यपि नेतन्याहूले प्यालेस्टिनसम्बन्धी वार्ता पुनर्जीवित गर्न कुनै चासो देखाएका छैनन् । यस अघि, रक्षामन्त्री योआभ ग्यालान्टले तयार पारेको युद्धपछिको प्रारम्भिक योजनामा इजरायलले हमासलाई ध्वस्त पारेपछि गाजालाई नियन्त्रण गर्ने स्थानीय 'नागरिक समिति' को परिकल्पना गरेका छन् ।

ब्लिन्केनले मङ्गलवार नेतन्याहूको धारणा परिवर्तन भएको हो वा होइन भन्नेबारे केही बताएनन् ।

हमासले सन् २००७ मा अब्बासको फतह पार्टीलाई सत्ताच्युत गर्दै गाजापट्टीमा आफ्नो एकल नियन्त्रण बनाउन सफल भएको थियो ।

तर हमासका प्रमुख इस्माइल हनियाले गत हप्ता गाजा र वेस्ट बैंकमा एउटै प्यालेस्टिनी प्रशासनको विचारका लागि आफू तयार रहेको बताएका थिए ।

यसैबीच जोर्डनको राजदरबारले राजा अब्दुल्लाह द्वितीयले अब्बास र इजिप्टका राष्ट्रपति अब्देल फतह अल–सिसीलाई गाजा सम्बन्धमा वार्ताका लागि बुधवार स्वागत गर्ने जनाएको छ ।

**हामी कुनै आशा देख्दैनौं**

गाजामा अक्टोबर ७ मा हमासले अभूतपूर्व आक्रमण गरेपछि गाजामा युद्ध शुरू भएको थियो, जसमा इजरायलमा करीब १,१४० जनाको मृत्यु भएको इजरायली अधिकारीबाट एएफपीलाई प्राप्त तथ्याङ्कमा उल्लेख छ ।

त्यस दिन लडाकूहरूले करीब २५० जनालाई बन्धक बनाएका थिए । तीमध्ये १३२ जना गाजामा रहेको र कम्तीमा २५ जना मारिएको अनुमान गरिएको इजरायलले जनाएको छ ।

इजरायलले गाजामा निरन्तर बमबारी र स्थल आक्रमण गरेको छ जसमा कम्तीमा २३,२१० जनाको मृत्यु भएको छ । मृतकमध्ये अधिकांश महिला र बालबालिका रहेका हमास शासित गाजा क्षेत्रको स्वास्थ्य मन्त्रालयले मङ्गलवार जनाएको छ ।

मन्त्रालयले बुधवार बिहान घोषणा गरेको आक्रमणमा परी अन्य ७० जनाको मृत्यु हुनुका साथै १३० भन्दा बढी घाइते भएका छन् ।

इजरायली सेनाले बुधवार बिहानै अर्को एक सैनिकको मृत्यु भएको घोषणा गर्दै यससँगै प्यालेस्टिनी क्षेत्रमा कारबाई शुरू भएपछि अहिलेसम्म मारिने इजरायली सैनिकको सङ्ख्या १८६ पुगेको जनाएको छ । रासस

# इक्वेडरको जेलबाट ३९ कैदी फरार

क्विटो, इक्वेडर, २४ पुस/एएफपी

इक्वेडरको चिम्बोराजो प्रान्तको रियोबाम्बा शहरको एक कारागारबाट सोमवार राति करीब ३९ कैदी सुरक्षा घेरा तोडेर फरार भएका छन् ।

रियोबाम्बाका नगर प्रमुख जोन विनुएजाले स्थानीय पिचिन्चा रेडियो स्टेशनलाई दिएको जानकारी अनुसार कारागारमा दङ्गापछि विस्फोट भएको र केही कैदी भाग्न सफल भएको बताए ।

उनले भने–"कारागारको सुरक्षा घेरा तोडेर ३९ कैदी भागेका छन् । मैले प्राप्त गरेको जानकारी अनुसार फरारमध्ये १२ जनालाई पुनः कब्जामा लिइएको छ ।"

प्रहरी विवरण उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमले दिएको जानकारी अनुसार स्थानीय समय अनुसार राति १०:४५ बजे जेलको सेन्ट्री बक्सबाट कैदीहरू भागेका थिए ।

फरार हुनेमा 'लस लोबोस' आपराधिक सङ्गठनसँग सम्बन्धित कुख्यात अपराधी फेब्रिसियो कोलोन पिको पनि छन् ।

पिकोविरुद्ध महान्यायाधिवक्ता डायना सालाजारविरुद्ध आक्रमणको योजना बनाएको आरोप लगाइएको छ ।

अधिकारीहरूले उनलाई अर्को जेलमा स्थानान्तरण गर्ने योजना बनाइरहेका बेला कोलोन भाग्न सफल भएका हुन् ।

रियोबाम्बामा भएको घटनापछि इक्वेडरका विभिन्न जेलमा दङ्गा भड्किनुका साथै सोमवार राति र मङ्गलवार बिहानै देशका विभिन्न शहरमा विस्फोटक पदार्थ र प्रहरी अधिकारीहरूको अपहरण भएको थियो ।

सरकारले हिंसा बढेपछि आपराधिक गतिविधि रोक्न रात्रिकालीन कर्फ्यूसहित ६० दिनको आपतकालीन अवस्था घोषणा गरेको छ । रासस

# बङ्गलादेशका नवनिर्वाचित सांसदद्वारा शपथ ग्रहण

ढाका, २४ पुस/सिन्ह्वा

बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिना र उनको पार्टीका अन्य सांसदले जनवरी ७ मा भएको संसदीय निर्वाचनपछि बुधवार सांसद पदको शपथ लिएका छन् ।

सांसदहरूलाई बङ्गलादेशको संसद्का सभामुख शिरीन शर्मिन चौधरीले शपथ ग्रहण गराएका थिए ।

समारोहमा अन्य दलका नवनिर्वाचित र स्वतन्त्र सांसदले पनि शपथ लिएका थिए ।

निर्वाचन आयोगले मङ्गलवार अपराह्न प्रकाशित गरेको राजपत्रमा प्रकाशित सूचना अनुसार हसिना नेतृत्वको अवामी लिग पार्टीले २९८ मध्ये २२२ सिट जितेको छ ।

आवामी लिग नेतृत्वको गठबन्धनले २२५ सिट जितेको छ ।

आम चुनावमा भारी जीत हासिल गरेको हसिनाको सत्तारूढ अवामी लिग पार्टीले जनवरी ११ मा नयाँ मन्त्रिमण्डल गठन गर्ने क्याबिनेट डिभिजनका एक वरिष्ठ अधिकारीले बताए ।

प्रधानमन्त्री हसिना नेतृत्वको सरकारले गराउने निर्वाचन स्वच्छ तथा स्वतन्त्र हुनेमा आशङ्का व्यक्त गर्दै बङ्गलादेश नेशनल पार्टीलगायत प्रमुख विपक्षी दलहरूले गत आइतवार सम्पन्न निर्वाचनमा भाग लिएका थिएनन् । रासस



करूवा बनाउँदै कालिगढः मोरङको सुन्दरहरैँचा नगरपालिकास्थित विराटचोकमा रहेको एक उद्योगमा पुरानो पित्तलको सामान प्रशोधन गरी करूवा निर्माण गर्दै कालिगढ । तस्बिरः मणिराम दाहाल/रासस

# नेप्सेको उकालो यात्रा कायमै

काठमाडौं, २५ पुस

पछिल्लो दुई दिन निरन्तर उकालो लागेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकले बुधवार पनि निरन्तरता पाएको छ ।

आज नेप्से परिसूचक ९.५० अङ्कले बढेर २०८९.६२ को विन्दुमा कायम भएको हो ।

आज ३०१ कम्पनीको एक करोड ३४ लाख ७७ हजार ९४६ कित्ता शेयर ९२ हजार छ सय दुईपटक खरीदी–बिक्री हुँदा रु पाँच अर्ब १३ करोड ४८ लाख ४८ हजार ७८९ बराबरको कारोबार भएको छ ।

आज विकास बैंक समूह ०.४४, वित्त ०.१०, होटल तथा पर्यटन समूह ०.८४ र जलविद्युत् समूह ०.५० प्रतिशतले घटेको छ । त्यस्तै लगानी समूह ०.६३, जीवन बीमा समूह ०.२५ र निर्जीवन बीमा समूह ०.१३ प्रतिशतले बढेको छ । अरू समूहको उपसूचक भने बढेको छ ।

बैंकिङ र उत्पादन तथा प्रशोधन समूह समान १.१२, लघुवित्त समूह १.०२, म्युचुअल फन्ड समूह ०.०३, व्यापार समूह ०.०१ र अन्य समूह २.२१ प्रतिशतले बढेको छ ।

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड र हिमालयन रिइन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा ५.९५ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकम र शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु ३२ करोड ७८ लाख ९१ हजार ६१३ बराबरको छ लाख ३४ हजार ५९३ कित्ता शेयर कारोबार भएको छ ।

# अवैध रूपमा सञ्चालित ई–रिक्सा नष्ट

खजुरा (बाँके), २५ पुस/रासस

नेपालगंज उपमहानगरपालिकाले नियन्त्रणमा लिएका अवैधरूपमा सञ्चालित ई–रिक्सा नष्ट गर्न शुरू गरेको छ । लामो समयदेखि ई–रिक्सा व्यवस्थापनमा लागेको सो कार्यालयले आवश्यक कागजात र वैधता पुष्टि गर्न नसकेका ई–रिक्सा नष्ट गर्न थालेको हो ।

गत मङ्सिर १९ गतेदेखि अवैध रूपमा सञ्चालित ई–रिक्सा नियन्त्रण अभियान थालेको उपमहानगरपालिकाले हिजो पाँच ई–रिक्सा नष्ट गरेको छ । आवश्यक कागजात नभएका ती ई–रिक्सा प्राविधिक जाँच गरी स्काभेटरले तोडफोड गरी नष्ट गरिएको हो ।

नष्ट गरिएका ई–रिक्सामा भे १ स ५४९८, भे १ स ८७५१, भे १ स ४८, भे १ स १५३१ र गाविस ०२ नम्बर रहेको नगर प्रहरी प्रमुख सूर्यबहादुर बोगटीले बताए । यातायात व्यवस्था कार्यालय बाँकेका मेकानिकल सुपरभाइजर सुशील शर्माले ई–रिक्सा धनी तथा चालककै रोहबरमा कागजात अद्यावधिक भए/नभएका, चेसिज नम्बर मिले/नमिलेको वा भए/नभएको प्राविधिक जाँच गरेको थियो ।

उपमहानगरपालिकाले ई–रिक्सा नियन्त्रण गर्नु अघि पटक–पटक प्रक्रिया पुऱ्याउन आग्रह गरेको थियो । नियन्त्रणमा लिइसकेपछि पनि १५ दिने सूचना जारी गरेर ई–रिक्साका कागजपत्र अद्यावधिक गर्न समय दिइएको थियो ।

नगर प्रमुख प्रशान्त विष्टले नगरमा अवैधरूपमा सञ्चालित ई–रिक्सा पूर्णरूपमा प्रतिबन्ध लगाउने अभियानमा उपमहानगरपालिका दृढ भएर लागेको बताए । "हामीले पटक–पटक भनेका छौं, अद्यावधिक गर्न समय पनि दिएका थियौं, नियन्त्रणमा लिइएका धेरै ई–रिक्साले आवश्यक कागजात अद्यावधिक गरेपछि हामीले छाडेका छौं ।

# लोपोन्मुख चरासहित दुईजना पक्राउ

प्रस, सिम्रौनगढ, २५ पुस/

लोपोन्मुख चरासहित दुईजना नेपालीलाई भारतीय एसएसबीले पक्राउ गरेको छ । एउटा नीलकण्ठ र दुईवटा बकुलासहित रौतहट जोकहा निवासी शेख शरीफ र जटहरा निवासी शेख भोला रहेको एसएसबी २०औं बटालियन भङ्गाहा क्याम्पका इन्स्पेक्टर सर्वेश कुमारले बताए । दुवैजना चढेको मोटरसाइकलको डिक्कीमा मरेको नीलकण्ठ र बकुला भेटिएपछि पक्राउ गरी रक्सौलस्थित वन विभागमा बुझाइएको इन्स्पेक्टर सर्वेशले बताएका छन् ।



### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | कर्मप्राप्ति | वृष | राज्यभय |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | शत्रुभय | कन्या | चोरभय |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | कान्तिक्षय | मकर | भाग्योदय |
| कुम्भ | खर्चवृद्धि | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

**अवैधरूपमा....**

निकासी नियन्त्रणमा टेवा पुग्ने उनको भनाइ थियो ।

पोखरेलका अनुसार जिल्लामा हाल ४६६ भन्दा बढी वन पैदावारमा आधारित समिल तथा फर्निचर उद्योग, ८७ सामुदायिक वन, १९ कबुलियती वन, तीन साझेदारी, ९१ निजी र दुई धार्मिक वन रहेका छन् । जसमध्ये ५७ सामुदायिक वनले चालू वार्षिक वर्षको कार्य योजना, साधारण सभा र लेखा परीक्षण गरिरहेको उनले जानकारी दिए । साथै ३० सामुदायिक वन उपभोक्ता समिति निष्क्रिय रहेका डिभिजन वन कार्यालयले जनाएको छ ।




# कठ्याङ्ग्रिदो चीसोमा तलब नपाएको सफाइकर्मीको गुनासो



प्रस, वीरगंज, २५ पुस/
जीतपुरसिमरा उपमहानगरपालिकामा सरसफाइ गर्ने सरसफाइकर्मीले कठ्याङ्ग्रिदो चीसोमा न्यानो कपडा नभएको र उपमनपाले पनि अढाइ महीनादेखि तलब नदिएको गुनासो गरेका छन्।

जीतपुरसिमरा उपमनपाको सरसफाइको ठेक्का ग्रीनसिटी प्रालि हेटौंडाले लिएको छ। सफाइकर्मीले एकाबिहानै उठेर जीतपुरको सरसफाइ गर्नुपर्ने हुन्छ। न्यानो कपडा नभएको र ग्रीनसिटी प्रालिले पनि अढाई महीनादेखि तलब नदिंदा यस्तो चीसोमा निकै समस्या भएको बताएका छन्।

सफाइकर्मी गुल्टी मालीले घरमा चामल नभएको बताउँदै दुई महीना १५ दिनदेखि तलब नपाएको बताइन्। उनले सम्बन्धित निकायले तलब उपलब्ध गराउनुपर्ने माग गरिन्।

अर्का सफाइकर्मी रामायण मालीले भने–बिहानैदेखि सरसफाइ गर्छौं। शरीरमा न्यानो कपडा नहुँदा पनि कसैले सहयोग नगरेको बताए।

एकजना मेस्तरले पहिले नगरपालिका आफैंले सरसफाइ गराउँदा सुरक्षा सामग्री दिन्थ्यो अहिले ठेक्का पाएको ग्रीनसिटीले भने नदिएको बताए। ग्रीन सिटी प्रालिका नवराज ढकालले सफाइकर्मीको समस्या यथाशीघ्र सम्बोधन गर्ने बताए।

# खेलकूदको संसार

## पटेर्वासुगौलीमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता शुरु

प्रस, सेढवा २५ पुस/
स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद नाराका साथ बुधवारदेखि पटेर्वासुगौली गाउँपालिकामा पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शुरू भएको छ।




वडा नं ४ स्थित नेरामावि सुगौलीदापको खेलमैदानमा आजदेखि शुरू भएको प्रतियोगिताको उद्घाटन गापा अध्यक्ष अनोज चौधरीले गरेका थिए।

प्रधानाध्यापक रामाशङ्कर प्रसादको अध्यक्षतामा सम्पन्न उद्घाटनसत्रमा उपाध्यक्ष ममता महतो, नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादव, वडाध्यक्ष फरमान मियाँलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

प्रतियोगितामा नेरामावि सुगौलीदाप, निचुटा र रंगपुरटाँडी निमावितर्फबाट लक्ष्मीपुर, बेलवा, पथरैया र पटेर्वा विद्यालय गरी सातवटा विद्यालय सहभागी छन्। भलिबल, कबड्डी, शटपुट, हाइजम्प, लङजम्प, त्रिम्पलजम्प, सय, दुईसय र चार सय मिटरको दौड र चार किलोमिटरको रिले दौड प्रतियोगितामा खेलाइने शिक्षा संयोजक सोलेन्द्र पन्जियारले बताए।

# अन्नपूर्ण दूग्ध उत्पादक सहकारीको साधारणसभा

बलिराम शुक्ला, बिरूवागुठी २५ पुस/
पर्सागढी नगरपालिका–३ स्थित




अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्थाको बुधवार १७औं साधारणसभा सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष जगरनाथप्रसाद तिवारीको अध्यक्षतामा भएको साधारणसभाको प्रमुख अतिथि सांसद अजयकुमार चौरसियाले उद्घाटन गरेका थिए। उनले देशको आर्थिक अवस्था जर्जर भइरहेको अवस्थामा पर्सागढीको सहकारीले प्रगति गरेको सुन्दा खुशी लागेको बताए। उनले संस्थालाई आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे।

कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेलले प्रदेशको कृषि मन्त्रालयबाट डेयरीको उन्नतिको लागि सक्दो पहल गर्ने आश्वासन दिए।

कार्यक्रममा पर्सागढीका नगरप्रमुख गोकर्ण पाठक, उपप्रमुख पूजा चौधरी, पूर्वप्रमुख लोकनारायण यादवलगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा संस्थामा ४५८ सेयर सदस्य रहेको र १४ जनालाई रोजगार दिएको डेयरी उद्योगले जनाएको छ। औरैया, छतवनटाँडी, मनवा, औराहा, रङ्गपुरमा शाखा विस्तार गरी तीन हजार लिटर दूध सङ्कलन गरेर सो दूध वीरगंज, सिमरा, हेटौंडालगायत स्थानमा बिक्री वितरण गर्दै आएको संस्थाले जनाएको छ। कार्यक्रममा लेखापाल प्रेमराज तिवारीले लेखा प्रतिवेदन आयव्यय प्रस्तुत गर्दै ९ करोड ३६ लाखको कारोबार गरी ५० लाख १८ हजार नाफा कमाएको बताए। संस्थाका कोषाध्यक्ष भूमा अधिकारीले स्वागत गरेको कार्यक्रमको सहजीकरण बलिराम शुक्लाले गरेका थिए।

# रूपेश हत्याकाण्डका आरोपीहरू जेल चलान

प्रस, परवानीपुर, २५ पुस/
बारा, कलैया उपमहानगरपालिका–६ निवासी बाल एकता बोर्डिङ स्कूलका सञ्चालक रूपेश सर्राफको हत्यामा संलग्न रहेको आरोपमा सातजना जेल चलान भएका छन्।

सर्राफको हत्याको आरोपमा पक्राउ परेकी राधा गुप्तासहित सात जनालाई बारा जिल्ला अदालत बाराले जेल चलान गरेको हो। बारा जिल्ला अदालतमा कर्तव्य ज्यान, सङ्गठित अपराध तथा हातहतियार खरखजाना मुद्दाको थुनछेक बहसमा अदालतले सात जनालाई जेल चलान गरेको अदालतका सूचना अधिकारी कृष्णप्रसाद दाहालले जानकारी दिए। हत्यामा संलग्न अन्य चारजना भने अझैसम्म फरार छन्।

सर्राफ हत्या प्रकरणमा अदालतमा ११ जनाविरूद्ध पुस १६ गते कर्तव्य ज्यान, सङ्गठित अपराध तथा हातहतियार खरखजाना मुद्दा दर्ता भएको थियो। पुस १७ गतेदेखि लगातार पेसीको क्रममा अदालतले मङ्गलवार सातजनालाई जेल चलान गर्ने आदेश दिएको बताइन्छ।

बारा जिल्ला अदालतका न्यायाधीश शम्भुप्रसाद बरालको इजलासले उक्त मुद्दामा आरोपितहरू कलैया–६ की राधा गुप्ता, कलैया–२२ का प्रवीणकुमार साह, सुवर्ण गापा–८ का बिगुकुमार कानु, सुवर्ण गापा–४ का चन्द्रिकाप्रसाद यादव, रौतहटको मौलापुर नगरपालिका–६ बस्ने कौशलकिशोर यादव, सन्तोष प्रसाद र अरूण कुमारलाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश भएको दाहालले बताए।

त्यस्तै फरार हुनेमा भारत बिहारका मनोज गुप्ता, चञ्चल पाण्डे, रौतहटको मौलापुर नगरपालिका बस्ने विनोदराय यादव र विशालकुमार यादव रहेको तथा उनीहरूविरूद्ध अदालतले कानुनबमोजिम म्याद जारी गरेको उनले बताए।

कात्तिक १३ गते कलैयामा दिउँसो भारतीय सुटरको गोली प्रहारबाट सर्राफको हत्या भएको थियो। सोही दिन प्रहरीले राधासहित केही व्यक्तिलाई पक्राउ गरेको थियो। तर मुख्य सुटर भनिएका भारत निवासी सुजित सिंह, चञ्चल पाण्डेसहित चार जना फरार भएका थिए तर सुजीत सिंहलाई विश्रामपुर गाउँपालिका–३ स्थित नेपाल–भारत सीमानाकाबाट पुस १० गते प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको थियो।

# जिङ्गनामा आँखा शिविर




नरेश यादब पर्सागढी २५ पुस/
पर्सागढी नगरपालिका–५ जिङ्गनाको शिवमन्दिरको प्राङ्गणमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

लायन्स क्लबका संस्थापकको जन्मोत्सवको अवसरमा लायन्स क्लब गेटवेले साताव्यापी कार्यक्रम अन्तर्गत माट्रिका आई फाउन्डेशनको सहयोगमा आँखा शिविर सम्पन्न गरेको हो।

समाजसेवी कामेश्वर पाण्डेको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन लायन्स क्लब वीरगंज, गेटवेका अध्यक्ष रवीन्द्रकुमार वर्णवालले गरेका थिए।

शिविरमा १८० जनाको आँखा चेकजाँच गर्दा ७० जनामा मोतियाबिन्दु भेटिएको नेत्र विशेषज्ञ प्रगति कर्णले बताइन्। उनीहरूको माट्रिका आई फाउन्डेशन वीरगंजमा अपरेशन गरिने उनले बताइन्।

कार्यक्रममा प्रअ रामाआशीष यादवलगायतको सहभागिता थियो।

# दुई महीने लेखा तालीमको उद्घाटन




प्रस, वीरगंज, २५ पुस/
लायन्स क्लब अफ वीरगंज, आदर्शनगर, गेटवे, वाकिङ टीम, परिवार, सेन्ट्रल, बारा गंजभवानीपुर र मारवाडी महिला मञ्चको आयोजनामा दुई महीने लेखा तालीम उद्घाटन गरिएको छ। युडिवाइसेफ कम्प्युटर एजुकेशनमा दुई महीने लेखा तालीमको उद्घाटन लायन्स क्लब अफ वीरगंजका अध्यक्ष लायन पप्पु श्रीवास्तवले गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि अन्नपूर्णा मानन्धरले तालीमसँगै रोजगारको ग्यारेन्टी गरिएकोमा लायन्स क्लबलाई धन्यवाद दिइन्।

प्रशिक्षक वंशीधर गुप्ताले १२ वर्ष देखि क्लबसँग समन्वय गरेर रोजगारमूलक लेखा तालीम, सफ्टवेयर, म्यानुअल, कर तथा लेखासम्बन्धी पूर्ण प्रशिक्षण प्रदान गरिने बताए।

कार्यक्रममा लायन उमेश शर्मा, सन्दिप अग्रवाल, रामबिहारी पाण्डे, मीनाक्षी गुप्ता, रेणु अग्रवाल, विनित जैसवाल, सुनील गुप्ता, अभिजित चौधरी, अडिट प्रशिक्षक दीपेन्द्र रौनियारलगायत प्रशिक्षार्थीहरूको सहभागिता थियो।

# १७ वटा चौपाया भन्सार चलान

प्रस, रौतहट, २५ पुस/
जिल्ला प्रहरी कार्यालय, रौतहटले १७ वटा चौपाया गौर भन्सार कार्यालयमा बुझाएको छ। प्रहरी चौकी महादेवपट्टीले गौर नगरपालिका–२ बाट भारततर्फ लैजाँदै गरेको गाई १० वटा, गोरु एउटा र बाछी ६ वटा गरी १७ वटा चौपाया नियन्त्रणमा लिएर गौर भन्सारमा बुझाएको हो।






**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं।
- अपाङ्गताको आधारमा गरिने विभेद विरूद्ध खुलेर बोलौं।
- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तस्करीमा प्रयोग भएको सवारी साधन भन्सार चलान




प्रस, वीरगंज, २५ पुस/
जिल्ला प्रहरी कार्यालय, पर्साले भारतीय चल्ला ओसारपसार गर्ने चारवटा सवारी साधन वीरगंज भन्सार चलान गरेको छ।

वीरगंज महानगरपालिका–२१ डकैलाबहुअरी सडकखण्डमा भारतबाट नेपालतर्फ अवैधरूपमा ना.६ प ७६७२ र नम्बर उल्लेख नभएको मोटरसाइकलमा चल्ला ४२०० गोटा ल्याउँदै गरेको अवस्थामा प्रहरीलाई देखेपछि तस्करहरू सवारी साधन छाडेर फरार भएको जिप्रका, पर्साले जनाएको छ।

प्रहरीले बरामद चल्ला पशु क्वारेन्टाइन चेकपोस्ट सिर्सियामार्फत तिलावे खोलाको बगरमा खाल्डो खनेर नष्ट गरेको जनाएको छ। त्यसैगरी पुस २४ गते पक्राउ भएको भारतीय कुखुराको चल्ला ३८०० र ओसारपसार गर्ने दुईवटा मोटरसाइकल वीरगंज भन्सार कार्यालय बुझाएको जिप्रका, पर्साले जनाएको छ।